सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ फागुन २०८१, मंगलबार (11 Mar 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सडक संघर्षतिर विपक्षी दल

प्रतिगामी चलखेल बढेको, राष्ट्रियता कमजोर भएको, महँगी अकासिएकोलगायतका एजेन्डासहित आन्दोलनमा जाने निर्णय



(विस्तृत पृष्ठ ३)

नेपालमा एआई क्रान्तिको सपना



अग्रलेख

● समुन्द्र कार्की

एआई विकासलाई प्रभावकारी बनाउन गुणस्तरीय डेटा पूर्वाधार आवश्यक भए पनि नेपालले सुरक्षित डेटा सेन्टर निर्माणलाई प्राथमिकता दिएकै छैन

(पृष्ठ ४)

७ महिनामा भित्रियो नौ खर्ब रेमिट्यान्स



वैदेशिक रोजगारीमा जानेको संख्या वृद्धिसँगै रेमिट्यान्स पनि बढ्दो, बाह्य क्षेत्र थप बलियो बन्दै

माथिल्लो कर्णालीमा सेयर लगानी गर्न इरेडाले पाएन स्वीकृति

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पीडितको ४० अर्ब मिलान गर्ने दायित्व बोकेको समस्याग्रस्त सहकारी समिति आफैँ समस्यामा

समितिको कार्यालयमा दैनिकजसो पीडितको भिड लाग्छ, तर तालुकवाला कर्मचारी नै भेटिँदैनन्, भेटिएका पनि जिम्मेवारीबाट पन्छिन्छन्

● **समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका अध्यक्ष श्रीमणकुमार गौतम भन्छन्–**

केही समस्या छन्। तर, समाधान नै गर्न नसकिने खालका छैनन्। बोर्ड सदस्यलाई जिम्मेवारी बाँडफाँट गरिएको छ। उनीहरूलाई सघाउन कर्मचारी तोकिएका छन्। कर्मचारी क्रमशः 'फर्म'मा आउँदै छन्।

टेकराज थामी / नयाँ पत्रिका

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई ६२ हजारभन्दा धेरै पीडितको झन्डै ४० अर्ब हिसाब मिलान गर्ने दायित्व छ। तर, यो समिति भने आफैँ समस्याग्रस्त छ। समितिको कार्यालयमा दैनिकजसो पीडितहरूको भिड लाग्छ, तर तालुकवाला कर्मचारी नै भेटिँदैनन्। भेटिएका पनि जिम्मेवारीबाट पन्छिन्छन्, जसले पीडितलाई थप पीडा दिइरहेको छ।

समितिमा अध्यक्षसहित ६ जना पदाधिकारी छन्। यसबाहेक समितिको कार्यालयमा एक उपसचिव र ६ शाखा अधिकृत, दुई नासु, पाँचजना खरिदार कार्यरत छन्। एक लेखापाल, एक सर्वेक्षक, तीन कम्प्युटर अपरेटर, चार सहायक कम्प्युटर अपरेटर, एक असिस्टेन्ट सबइन्जिनियर, दुई सवारीचालक र पाँचजना कार्यालय सहयोगी छन्। यीबाहेक एक प्रहरी नायब निरीक्षक, दुई प्रहरी सहायक निरीक्षक, एक हवल्दार र एक सहायक हवल्दार छन्। अधिकृत तहका कर्मचारी कार्यालयमा बसेर बिरलै काम गर्छन्। जुनियर कर्मचारी कार्यालयमै भेटिए पनि भूमिका निर्णायक नहुँदा सेवाग्राही सास्ती खेप्न बाध्य छन्।

हाल समितिमातहत मात्रै समस्याग्रस्त घोषणा भएका २२ सहकारी छन्। समितिमा कार्यरत कर्मचारीहरूमा सरकारले वृत्ति विकास रोकिने कार्यालयमा पठाएर आफूमाथि अन्याय गरेको मनोविज्ञान रहेको र त्यसको नतिजा कार्यसम्पादनमा देखिएको एक कर्मचारीले बताए।

सहकारी ऐन, २०७४ को दफा १०४ मा समस्याग्रस्त घोषित सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्न छुट्टै समिति गठन गर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार सरकारले २८ पुस ०७४ मा समिति गठन गरेको थियो।

» पृष्ठ २ मा क्रमशः

■ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयका पदाधिकारी

समितिलाई समस्याग्रस्त २२ सहकारीका करिब ६२ हजार बचतकर्तालाई न्याय दिने जिम्मेवारी छ



श्रीमणकुमार गौतम
(अध्यक्ष)



उद्धवप्रसाद तिमल्सेना
(सदस्य)



काशीचन्द्र बराल
(सदस्य)



ध्रुव आचार्य
(सदस्य)



ललिताकुमारी महर्जन
(सदस्य)



महेशप्रसाद काफ्ले
(सदस्य)

समितिको कार्यालयमा एक उपसचिव र ६ शाखा अधिकृत, दुई नासु, पाँचजना खरिदार कार्यरत छन्। एक लेखापाल, एक सर्वेक्षक, तीन कम्प्युटर अपरेटर, चार सहायक कम्प्युटर अपरेटर, एक असिस्टेन्ट सबइन्जिनियर, दुई सवारीचालक र पाँचजना कार्यालय सहयोगी छन्। यीबाहेक एक प्रहरी नायब निरीक्षक, दुई प्रहरी सहायक निरीक्षक, एक हवल्दार र एक सहायक हवल्दार छन्।



● **गणेशप्रसाद भट्ट,** प्रवक्ता, सहकारी मन्त्रालय

समितिको कामकारबाही सञ्चालन गर्न कर्मचारीको व्यवस्था गरिएको छ। उनीहरूले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। उनीहरूलाई त्यही निर्देशन दिइएको छ। कर्मचारी कार्यालयमा नभेटिनेमा विविध कारण हुन सक्छन्। फिल्ड गएको हुँदा पनि कुर्सी खाली भएको हुन सक्छ।

■ खारेज हुँदै १७ हजार सहकारी

संघीय सहकारीमन्त्रीदेखि सातै प्रदेशका तालुकदार मन्त्री सहभागी विराटनगर बैठकले गच्यो १५ वर्षदेखि साधारणसभा र लेखापरीक्षण नगरेका सहकारी खारेजी गर्ने निर्णय

नयाँ पत्रिका

सरकारले कम्तीमा १५ वर्षदेखि साधारणसभा र लेखापरीक्षण नगरेका सहकारीको सबै कारोबार निष्क्रिय गर्ने भएको छ। भूमि व्यवस्थापन र सहकारी क्षेत्रको सुधार सम्बन्धमा संघीयसहित सातै प्रदेशका तालुक मन्त्रालयबिच भएको बैठकले यस्तो निर्णय गरेको हो। यस्ता सहकारी देशभर १७ हजारहाराहारी रहेको सरकारी तथ्यांक छ।

कोशी प्रदेश सरकारमातहत आन्तरिक मामिला तथा कानुन मन्त्रालयको संयोजनमा मोरङको विराटनगरमा आइतबार र सोमबार दुईदिने बैठक भएको थियो। उक्त बैठकले लामो समयसम्म सभा नगर्ने, लेखापरीक्षण नगर्ने, सम्पर्कमा नआउने र नियमित प्रतिवेदन पेस नगर्ने सहकारी पहिचान गरी कारोबार निष्क्रिय गर्ने निर्णय गरेको छ।

निर्णयमा भनिएको छ, 'लामो समयदेखि साधारणसभा नगरेका, लेखापरीक्षण नगरेका, सम्पर्कमा नरहेका, नियमित प्रतिवेदन पेस नगरेका सहकारीहरू पहिचान गरी त्यस्ता सहकारीको कारोबारमा रोक लगाई निष्क्रिय सहकारीको सूचीमा समावेश गर्ने निर्णय गरियो।'

बैठकमा संघबाट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीसहित सातै प्रदेशका तालुक मन्त्रालयका मन्त्री सहभागी थिए। मन्त्रालयको तथ्यांकअनुसार मुलुकभर करिब ३१ हजार सहकारी छन्। जसमध्ये १४ हजार मात्रै नियमित सञ्चालनमा छन्। सहकारी मन्त्रालयका सहसचिव मदन कोइरालाले लामो समयदेखि सभा तथा लेखापरीक्षण नगर्ने, सम्पर्कमा नआउने सहकारीको दर्ता खारेजी गर्ने निर्णय भएको बताए।

उनले भने, 'मुलुकभर ३१ हजार सहकारी दर्ता छन्।

» पृष्ठ २ मा क्रमशः

अब सहकारीले प्राधिकरणमा रजिस्ट्रेसन फाराम भर्नुपर्छ, सम्पर्कमा नआउनेलाई खारेज गरिन्छ

● **मदन कोइराला,** सहसचिव, सहकारी मन्त्रालय



मुलुकभर ३१ हजार सहकारी दर्ता छन्। जसमध्ये नियमित सञ्चालनमा १३ हजारदेखि १४ हजार मात्रै रहेको देखिन्छ। बाँकीले न साधारणसभा गरेका छन्, न अडिट नै गरेका छन्। त्यस्ता सहकारीको अब पहिचान गरिनेछ। सम्पर्कमा नआउने र हिसाबकिताब नबुझाउने सहकारी खारेजीको प्रक्रिया अघि बढ्नेछ भन्ने बैठकले निर्णय गरेको छ।

नयाँ कानुनअनुसार मुलुकभरका सहकारी अब राष्ट्रिय सहकारी प्राधिकरणमातहत दर्ता गर्नुपर्नेछ। पहिलो चरणमा प्राधिकरणले मुलुकभरका सहकारीको नयाँ रजिस्ट्रेसन खुलाउनेछ। प्रत्येक सहकारीले प्राधिकरणमा रजिस्ट्रेसन फाराम भर्नुपर्नेछ। फाराम अनलाइनमार्फत नै भर्न सकिनेछ। यसका लागि सहकारीमा प्रयोग हुँदै आएको सहकारीको व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मार्फत पनि सहयोग लिनेछ। त्यसपछि पनि सम्पर्कमा नआउने सहकारी खारेजीमा पर्नेछन्।

उद्धार माग्दामाग्दै अस्ताए भिरबाट लडेका भण्डारी, १७ घण्टापछि निकालियो शव

उद्धारका लागि हाँडेभिर पुगेका स्थानीयले रातभर शव कुरे, सोमबार मध्याह्न डुंगा प्रयोग गरेर उद्धार

नयाँ पत्रिका

कर्णाली नदीमा माछा मारेर घर फर्कने क्रममा हाँडेभिरबाट लडेर गम्भीर घाइते भएका बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका- २, फयालगाउँका ४० वर्षीय पुसे भण्डारीको उद्धार माग्दामाग्दै ज्यान गएको छ। आइतबार अपराह्न ४:३० तिर लडेका उनले घरमा फोन गरेर घटनाबारे जानकारी गराएलगत्तै गाउँलेहरू घटनास्थल पुगे पनि उद्धार हुन नसकेपछि साँझ ७:३० तिर ज्यान गएको हो। उद्धारका लागि नदीछेउमा पुगेका पाँचजना पनि रातभर त्यहीँ फसेका थिए।

जीवितै उद्धार हुन नसकेको मात्रै होइन, भण्डारीको शव पनि मृत्युको करिब १७ घण्टापछि मात्रै निकालिएको छ। आइतबार राति शव निकाल्न समस्या भएपछि सोमबार मध्याह्न १२:०० बजेतिर डुंगामार्फत निकालिएको हो। भण्डारीको उद्धारमा नदीछेउ पुगेर फसेका पाँचजनालाई पनि सोही

» पृष्ठ २ मा क्रमशः



भिरमै पुगेका पाँचजनाले पनि उद्धार गर्न सकेनन्, बरु उनीहरू नै फसे : वडाध्यक्ष

स्वामीकार्तिक खापर गाउँपालिका- २ का वडाध्यक्ष विष्णुबहादुर बुढाका अनुसार एक्लै माछा मार्न गएका भण्डारी घर फर्किन हाँडेभिरमा उक्लिने क्रममा लडेका थिए। 'म भिरबाट लर्दै छिटो आउनु भनेर आइतबार साँझ ४:४५ बजेतिर घरमा फोन गर्नुभएको रहेछ, लगत्तै गाउँमा खबर भएपछि उद्धारका लागि टोली गयो, योबिचमा उहाँले तीनपटक फोन रिसिभ पनि गर्नुभएको देखिन्छ,' वडाध्यक्ष बुढाले भने, 'तर, अप्ठ्यारो भिर र राति भइसकेकको थियो। टोलीले सख्त घाइते अवस्थामा कर्णालीको छालनजिकै भेटायो। रुखका जरा समातेर उक्लिनुपर्ने भिरमा मान्छे बोकेर लैजान सक्ने अवस्था थिएन। कर्णालीपारि (पश्चिम) जान बोटको जोहो गर्दागर्दै साँझ ७:३७ तिर श्वास छोड्नुभयो।'



वडाध्यक्ष बुढा

ऊर्जामन्त्री खड्काले तीन महिनामै फेरे सिँचाइ विभागको महानिर्देशक

मिलन विश्वकर्मा / नयाँ पत्रिका

ठुला लगानीका सिँचाइ आयोजनाको काम गरिरहेको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकलाई ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले तीन महिनामै बदलेका छन्। मन्त्री खड्काले देवराज निरौलालाई मन्त्रालय तानेर मन्त्रालयका सहसचिव सञ्जीव बरललाई काजमा महानिर्देशक बनाएर पठाएका छन्।



सञ्जीव बराल

३ वैशाख ०८१ मा विभागको महानिर्देशक भएका बरललाई मन्त्री खड्काले गत १८ मंसिरमा ऊर्जा मन्त्रालय तानेका थिए। त्यसपछि उनले विभागको महानिर्देशकको जिम्मेवारी निरौलालाई दिएका थिए। अहिले निरौलालाई मन्त्रालयमै तानेर बरललाई पुनः विभागको महानिर्देशक बनाइएको हो। बरल अहिले मन्त्रालयको विद्युत् विकास दशक आयोजना र जनताको जलविद्युत् कार्यक्रममा थिए।

अहिले विभागअन्तर्गत अर्बौं लगानीका ६ वटा राष्ट्रिय गौरवका सिँचाइ आयोजनासहित केही आयोजना निर्माणाधीन छन्। निर्माणाधीन र अब निर्माण हुने सिँचाइ आयोजनाको ठेक्कामा हालिमुहाली गर्न मन्त्री खड्काले महानिर्देशक हेरफेर गरेको मन्त्रालयकै एक अधिकारीले बताए। खटिएकै निकायबाट तलबभत्ता भुक्तानी हुने गरी विभागको महानिर्देशक पदको जिम्मेवारीमा कामकाज गर्न खटाइएको छ।

» पृष्ठ २ मा क्रमशः

केन्द्रीय कारागारका तीन स्कुलमा १९ देखि ८१ वर्षसम्मका ७०२ विद्यार्थी

कैदीबन्दी नै हुन्छन् प्रधानाध्यापक र शिक्षक



● **कृष्णबहादुर कटुवाल,** जेलर

यहाँ पाका उमेरका व्यक्तिहरूले साक्षर हुन र समय बिताउन विद्यालय भर्ना भएर पढ्ने गरेका छन्। पढाइ पनि राम्रो छ।

■ **१९ जनाले यसपालि एसइई दिँदै, गत वर्ष सबै २५ परीक्षार्थी उत्तीर्ण**

शिवहरि घिमिरे / नयाँ पत्रिका

सुन्धारास्थित केन्द्रीय कारागारमा रहेका विद्यालयमा कक्षा १ मा पढ्ने विद्यार्थीको उमेर सुन्दा धेरैलाई अचम्म लाग्ला। यहाँ १ र ३ कक्षामा पढ्ने चारजना यस्ता कैदी विद्यार्थी छन् जसको उमेर ८१ वर्ष छ। कारागारमा रहेका दुईजना ८१ वर्षीय १ कक्षा र सोही उमेरका दुईजना ३ कक्षामा अध्ययन गरिरहेका छन्। उनीहरू भर्ना मात्रै भएका छैनन्, कक्षामा नियमित उपस्थित पनि हुन्छन्।

कारागार प्रशासनका अनुसार एक वर्षअघि मात्रै भर्ना भएका ती वृद्ध जवानीमै अपराध गरेर बुढेसकालमा पत्राउ परेका हुन्। 'यहाँ पाका उमेरका व्यक्तिहरूले साक्षर हुन र समय बिताउन विद्यालय भर्ना भएर पढ्ने गरेका छन्। पढाइ पनि राम्रो छ,' कारागारका जेलर कृष्णबहादुर कटुवालले भने, 'कतिपय समय बिताउन पनि भर्ना हुन्छन्, कतिपय इच्छाले वा साक्षर हुन

» पृष्ठ २ मा क्रमशः



सुन्धारास्थित केन्द्रीय कारागार। कारागारभित्रको जगन्नाथ माध्यमिक विद्यालय, बन्दी विकास आधारभूत विद्यालय र महिला बन्दी विकास आधारभूत विद्यालय सञ्चालनमा छन्।

■ १ देखि कक्षा १२ सम्म पढाउने शिक्षकको तलब २५ देखि ३० हजारसम्म

एक वर्ष पढाउने शिक्षकको ७२ दिन सजाय मिनाहा

कारागारभित्रको शिक्षालाई सरकारले बाहिरका स्कुलसरह मान्यता दिएको छ। यहाँ बस्दा कुनै कक्षा उत्तीर्ण भएर छुटे पनि बाहिरका विद्यालयमा ट्रान्सफर भएर पढ्न पाइन्छ। यहाँका तीनवटै विद्यालयमा छुट्टाछुट्टै प्रधानाध्यापक छन्। तीनवटै विद्यालयमा स्नातक तह र स्नातकोत्तर तह अध्ययन गरेका वा कारागारमा जानुपूर्व पनि शिक्षण पेसामा आबद्ध भएकाहरूलाई राख्ने गरिन्छ। त्यसो गर्दा शिक्षण सिकाइमा सहज हुने जेलर कटुवालले जानकारी दिए। उनका अनुसार यहाँ पढाउने शिक्षकलाई काठमाडौं महानगरपालिकाले नै तलब दिने गर्छ। औसतमा कक्षा १ देखि कक्षा १२ सम्म पढाउने शिक्षकको तलब २५ देखि ३० हजारसम्म छ। कैदी भएर पनि त्यहाँभित्र रहेका विद्यालयका शिक्षक बनाउन कारागार प्रशासनले शैक्षिक योग्यता र अनुशासनलाई हेर्ने गरेको छ। तीनवटै विद्यालयका प्रअहरूले नौ वर्ष कैद भुक्तान गरिसकेका छन्। तीनैजनाको एक वर्षभित्र कैद सजाय सकिँदै छ।

कारागारका विद्यालयमा शिक्षक बन्दा फाइदा पनि हुने गर्छ। एक त भित्रै रोजगारी पाइयो, अर्को कैद छुटमा समेत फाइदा हुन्छ। एक वर्ष शिक्षण गर्दा ७२ दिन कैद सजाय मिनाहा हुन्छ। सोही कारण यहाँ शिक्षक बन्न खोज्नेहरू धेरै हुन्छन्। तर, कारागार प्रशासनले कक्षा १ देखि पाँचसम्म पढाउने योग्यता १२ कक्षा उत्तीर्ण र सोभन्दा माथिल्लो तहमा अध्यापन गराउन स्नातक तह र स्नातकोत्तर तह तोकिएको छ। अझ ११ र १२ कक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेकाले मात्रै पढाउन पाउँछन्। हाल कारागारभित्र रहेका विद्यालयमा बिहान र बेलुकीको समयमा कक्षा सञ्चालन हुन्छ।

महानगरलाई राप्रपाले बुझायो जरिवाना

सडकमा फोहोर गरेका एमाले र राप्रपा नेपालद्वारा जरिवाना बुझाउन अटेर

काठमाडौं / काठमाडौं महानगरले पत्र काटेलगत्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले एक लाख जरिवाना बुझाएको छ। तर, चार महिनाअगाडि महानगरले दिएको पत्रअनुसार एमालेले अहिलेसम्म एक लाख जरिवाना बुझाएको छैन। राप्रपा नेपाल पनि पाँच हजार रुपैयाँ जरिवाना बुझाउन आनाकानी गरिरहेको छ।

आइतबार पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा विमानस्थलमा भेला भएकाले सडकमा फोहोर र बिरुवामा क्षति गरेको भन्दै महानगरले राप्रपालाई एक लाख रुपैयाँ जरिवाना बुझाउन पत्र काटेको थियो। सुरुमा जरिवाना नतिर्ने भने पनि नागरिकस्तरबाट विरोध भएपछि राप्रपाले सोमबार नै जरिवाना बुझाएको छ।

सोमबार सांसद ज्ञानेन्द्र शाही आफैँ पुगेर महानगरपालिकालाई जरिवाना शुल्क तिरेका हुन्। उनले महानगरका नगर प्रहरी प्रमुख राजु पाण्डेलाई भुक्तानीको बिल बुझाएका

» पृष्ठ २ मा क्रमशः

पीडितको...

पृष्ठ १ बाट क्रमशः

समितिको नेतृत्वमा अहिले उच्च अदालतका पूर्वन्यायाधीश श्रीमणकुमार गौतम छन् । उनी केही समस्या रहेको र समस्या समाधानका लागि प्रयास भइरहेको बताउँछन् । 'केही समस्या छन् । तर, समाधान नै गर्न नसकिने खालका छैनन्,' उनी भन्छन्, 'बोर्ड सदस्यलाई जिम्मेवारी बाँडफाँट गरिएको छ । उनीहरूलाई सघाउन कर्मचारी तोकिएका छन् । कर्मचारी 'फर्म'मा आउँदै छन् ।'

समितिमा पीडित बचतकर्ताको सधैँ भिड लाग्छ । तर, कुर्सीमा कर्मचारी नभेटिएपछि उनीहरू बोर्डका पदाधिकारीको कार्यकक्ष पुग्छन् । बोर्डका सदस्यहरू फेरि कर्मचारीलाई भेट्न अह्राउँछन् । तर, कुर्सी खाली देखिन्छन् । रकम हिनामिनापछि विभिन्न सहकारीका पदाधिकारी अनुन्धानको दायरामा छन् ।

ओरेन्टल सहकारीका पीडित कास्कीको पोखरा महानगरपालिका- १९ का ७२ वर्षीय खगेन्द्र काफ्लेले समितिबाट न्याय पाउन नसकेको बताए । '१८ वर्ष भइसक्यो । तर, ब्याज त परको कुरा साँवा नै पाउन सकेको छैन,' उनले भने, 'अड्डा-अदालत गएँ । अहिले समिति धाइरहेको छु । यहाँ कर्मचारीले सहयोग गर्दैनन् ।'

कुलेश्वरस्थित गौतमश्री बहुउद्देश्यीय सहकारीका बचतकर्ता पहलमानसिंह केसी समितिको कार्यालयबाट उचित सहयोग नपाएको गुनासो गर्छन् । गौतमश्री ०७९ को साउनमै समस्याग्रस्त घोषणा भएको थियो । सोही मितिदेखि नै केसी समितिको कार्यालय धाउन थालेका हुन् । गौतमश्रीमा १३ लाख रुपैयाँ डुबेको र उठाउन नसकेको उनको गुनासो छ । 'दुई वर्षअघि सहकारी समस्याग्रस्त घोषणा भएपछि समितिको कार्यालय पुगेँ । सुरुमा समितिका पदाधिकारी र कर्मचारीले आस देखाए । त्यसपछि उनीहरू कार्यालयमा भेटिनै छाडे,' उनले सुनाए ।

गौतमश्रीकै अर्का पीडित हुन्, काठमाडौँका अभिन श्रेष्ठ । सात लाख रुपैयाँ डुबेपछि उनी पनि समितिको कार्यालय पुगे । रकम फिर्ताका लागि पदाधिकारी र कर्मचारीलाई भने । तर, रकम फिर्ता हुन सकेन । 'रकम उठाउन समितिको कार्यालय पुगेँ । तर, सफल हुन सकिनँ,' उनले भने, 'पीडितको पदाधिकारीको कार्यकक्षमा भिडभाड हुन्छ । तर, कर्मचारी कार्यकक्षमा खासै भेटिन्नन् ।'

सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय महासंघका अध्यक्ष कुशलभ केसीले अधिकांश समय कर्मचारी नै नभेटिने र भेटिए पनि समस्या समाधान नहुने बताउँछन् । 'समितिमा कर्मचारी कार्यालयमै भेटिँदैनन् । भेटिए पनि पीडितको मर्म बुझेर काम गर्दैनन्, उल्टो हकारेर घर पठाउँछन्,' उनले भने ।

श्री लालीगुराँस र सुमेरु सहकारीमा आफ्नो ३८ लाख रुपैयाँ डुबेको काठमाडौँका विष्णु केसी बताउँछन् । लालीगुराँस १३ फागुन ०८० मा समस्याग्रस्त घोषणा भइसकेको छ । रकम फिर्ता हुने आशामा उनी समितिको कार्यालय पुगे । पदाधिकारीले उनको समस्यामा पहल गर्न कर्मचारीलाई निर्देशन पनि दिए । तर, कर्मचारीबाट सहयोग नपाएको उनको गुनासो छ । 'म धेरैपटक समितिको कार्यालय पुगेको छु । अधिकांश समय कर्मचारी नै भेटिन्नन् । भेटिएकाले पनि सुनेको नसुन्यै गर्छन्,' उनले भने ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले फिल्ड भिजिट गएकाले कर्मचारी कार्यालयमा नभेटिएको हुन सक्ने बताए । 'समितिको कामकारबाही सञ्चालन गर्न कर्मचारीको व्यवस्था गरिएको छ । उनीहरूले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । उनीहरूलाई त्यही निर्देशन दिइएको छ,' भट्टले भने, 'कर्मचारी कार्यालयमा नभेटिनेमा विविध कारण हुन सक्छन् । फिल्ड गएको हुँदा पनि कुर्सी खाली भएको हुन सक्छ ।'


समितिलाई ६२ हजार ७६० बचतकर्ताको ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । गएको ६ वर्षमा समितिले ८३ करोड ६५ लाख २० हजार ८७४ फिर्ता गर्न सक्यो । यो कुल दायित्वको २.०९ प्रतिशत मात्रै हो । अर्थात् समितिलाई अझै ९७.९० प्रतिशत अर्थात् ३९ अर्ब नौ करोड ९१ लाख ४५ हजार ८३६ रुपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ ।

उद्धार...

पृष्ठ १ बाट क्रमशः

डुंगाबाट उद्धार गरिएको थियो ।

स्वामीकार्तिक खापर गाउँपालिका-२ का वडाध्यक्ष विष्णुबहादुर बुढाका अनुसार एक्लै माछा मार्न गएका भण्डारी घर फर्किन हाँडेभिरमा उक्लिने क्रममा लडेका थिए । 'म भिरबाट लडेँ, छिटो आउनू भनेर आइतबार साँझ ४:४५ बजेतिर घरमा फोन गर्नुभएको रहेछ, लगत्तै गाउँमा खबर भएपछि उद्धारका लागि टोली गयो, योबिचमा उहाँले तीनपटक फोन रिसिभ पनि गर्नुभएको देखिन्छ,' वडाध्यक्ष बुढाले भने, 'तर, अप्ठ्यारो भिर र राति भइसकेको थियो । टोलीले सख्त घाइते अवस्थामा कर्णालीको छालनजिकै भेट्टायो । रुखका जरा समातेर उक्लिनुपर्ने भिरमा मान्छे बोकेर लैजान सक्ने अवस्था थिएन । कर्णालीपारि (पश्चिम) जान बोटको जोहो गर्दागर्दै साँझ ७:३७ तिर श्वास छोड्नुभयो ।'



जहाँबाट खसेका थिए भण्डारी

दुवै खुट्टा र एउटा हात भाँच्चिएको तथा टाउकोमा चोट लागेको अवस्थामा भण्डारीलाई स्थानीयले फेला पारेका थिए । भण्डारी आइतबार अपराह्न ४ बजेतिर माछा मार्न पुगेका थिए । भिरबाट लडेका भण्डारीको कर्णाली नदीछेउमा ज्यान गएपछि स्थानीय र आफन्तले रातभर आगो बालेर कुरेका थिए । 'हामी नदीको पश्चिमकिनारमा बस्यौँ । उद्धारका लागि पुगेको टोली नदीको पूर्वीकिनारमा शव कुरेर बस्यो,' वडाध्यक्ष भण्डारीले भने, 'घाइते अवस्थामा भएको भए राति नै बोट चलाउने तयारीमा थियौँ । ज्यान गइसकेकाले उज्यालो भएपछि मात्र सबै घर जाउँला, राति नै जान खोज्दा अर्को घटना हुन सक्छ भनेर रातभर कुरेका हौँ ।'

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख डिएसपी दिलीपकुमार गिरीका अनुसार भिरबाट लडेर ज्यान गएको खबर प्राप्त भएपछि जुड्डी प्रहरी चौकीबाट प्रहरी परिचालन भएको थियो । तर, उद्धारका लागि पुगेर नदीकिनारमा अड्किएकाको उद्धार र शव ल्याउन राति सम्भव नहुने देखिएपछि सोमबार बोट (डुंगा)को सहायताले उद्धार गरिएको हो । पाँच स्थानीय र तीन सुरक्षाकर्मीसहित आठजनालाई आइतबार बिहान ११ देखि १२ बजेसम्म एक घण्टा लगाएर उद्धार गरिएको हो । कर्णाली नदीको बेग तीव्र रहेकाले बोटलाई पनि डोरीले तानेर पूर्वीकिनारदेखि पश्चिम किनारा ल्याइएको थियो । भण्डारीको शवको सोमबार नै कर्णाली नदीमा दाहसंस्कार गरिएको वडाध्यक्ष बुढाले बताए । उनका श्रीमती, एक छोरा र तीन छोरी छन् ।

ऊर्जामन्त्री...

पृष्ठ १ बाट क्रमशः

विभागले सिँचाइ आयोजना निर्माण तथा सञ्चालन गर्छ । अहिले सिक्टा, बबई, रानीजमरा कुलरिया, सुनकोशी मरिण डाइभर्सन, महाकाली र भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना विभागअन्तर्गत निर्माण हुँदै छन् । यीबाहेक थुप्रै ठुला सिँचाइ आयोजना निर्माणाधीन अवस्थामा छन् ।

विवादमा छ सिक्टा आयोजनाको दुई अर्बको ठेक्का

मन्त्री खड्का आएपछि नै विभागले सिक्टा सिँचाइ आयोजनाको डुडुवा शाखा नहर निर्माणका लागि आह्वान गरेको साढे दुई अर्बको दुई प्याकेजको ठेक्का विवादमा छ । त्यसमा प्रतिस्पर्धा साँघुरो र कमजोर बनाएर मिलेमतोमा निश्चित कम्पनीलाई ठेक्का दिन खोजिएको आरोप छ । ४३ किलोमिटर लामो डुडुवा शाखा नहरलाई दुई प्याकेजमा बनाउने गरी १ पुसदेखि २५ माघसम्म टेन्डर आह्वान गरिएको थियो । यी दुवै प्याकेजको लागत अनुमान १२५-१२५ करोड रुपैयाँ रहेको छ । त्यसमा ११-११ वटा आवेदन परेका छन् । अहिले यसमा प्रस्तावक कम्पनीहरूको प्रस्ताव मूल्यांकन गर्ने काम भइरहेको छ ।

विशेषगरी यसमा प्रतिस्पर्धालाई साँघुरो बनाइएको थियो । टेन्डर आह्वान गर्दा नै सीमित कम्पनीलाई फाइदा हुने गरी कडा मापदण्ड तोकिएको थियो । प्रतिस्पर्धा खुला हुनुपर्ने ठाउँमा साँघुरो भएपछि केही निर्माण कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयमा गुनासो पनि गरेका थिए । त्यसपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले पनि उक्त टेन्डर ऐनसम्मत नभएको भन्दै सिँचाइ विभागलाई पत्र काटेको थियो । त्यसपछि १५ माघमा योग्यता संशोधन पनि गरेको थियो । तर, टेन्डर खुला प्रतिस्पर्धा हुनेमा आशंका रहेको निर्माण व्यवसायीहरू बताउँछन् ।

सिक्टा सिँचाइ राष्ट्रिय गौरवको परियोजना हो । बाँकेको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरेर यसबाट त्यस क्षेत्रको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइने लक्ष्य छ । त्यसमध्ये राप्ती-पश्चिम दायाँतर्फ ३३ हजार ७६६ र राप्ती-पूर्व बायाँतर्फ नौ हजार हेक्टरमा सिँचाइ पुग्नेछ । आव ०६१/६२ बाटै यस परियोजनाको निर्माण कार्य अघि बढेको छ । तर, २० वर्षको अवधिमा यसको भौतिक प्रगति ४१.५८ प्रतिशत छ । यसको लागत ५२ अर्ब ८९ करोड रहेको छ ।

कैदीबन्दी...

पृष्ठ १ बाट क्रमशः

पढ्छन्, त्यसमा वृद्धहरू पनि छन् ।'

यस कारागारका विद्यालयमा १९ वर्षभन्दा माथि उमेरका कैदीबन्दीहरू अध्ययन गरिरहेका छन् । कारागारमा रहेका तीनवटा विद्यालयमा ७०२ जना विद्यार्थी छन् । कारागारभित्रको जगन्नाथ माध्यमिक विद्यालय ०१९, बन्दी विकास आधारभूत विद्यालय ०१४ र महिला बन्दी विकास आधारभूत विद्यालय ०५३ सालदेखि सञ्चालनमा छन् । महिला बन्दी विकास आविमा महिलाले मात्रै अध्ययन गर्छन् । शिक्षक भने महिला र पुरुष दुवै छन् । कारागारभित्रका यी तीन विद्यालयमा २७ जना शिक्षक छन् । हरेक विद्यालयमा एक-एकजना कार्यालय सहयोगी पनि छन् ।

यहाँका विद्यालयमा पढ्दा शुल्क तिर्नुपर्दैन । कापीकिताबदेखि सम्पूर्ण स्टेसनरी काठमाडौँ महानगरपालिकाले दिने गर्छ । महानगरले यहाँ रहेका विद्यार्थीलाई खाजा पनि खुवाउने गरेको छ । आपराधिक कार्य गरी कैद सजाय भुक्तान गरिरहेकाहरूबाटै शिक्षक बनाइने गरेको छ । 'बाहिर हुँदा जेजस्तो कार्य गरे पनि भित्र आइसकेपछि धेरै कुरा सिकियो, यो एउटा भोगाइ पनि हो,' एक शिक्षकले भने, 'कारागार मेरा लागि सुधारगृह बनेको छ, यहाँको वातावरण पनि राम्रो छ ।' उनका अनुसार कारागारमा रहेका कैदीबन्दीलाई पढाउन सजिलो भने छैन । अझ उमेर ढल्किएकाहरूलाई बुझाउन र सिकाउन निकै कठिन हुन्छ । कारागारभित्रका सबै विद्यालयमा गरी १६ वटा कक्षाकोठामा पढाइ हुने गरेको छ ।

कुन विद्यालयमा कति विद्यार्थी ?

कारागार प्रशासनका अनुसार बन्दी विकास आधारभूत विद्यालयमा १७२ जना, महिला बन्दी विकास आधारभूत विद्यालयमा १३४ जना र जगन्नाथ माविमा ३९६ जना कैदीबन्दीले अध्ययनरत छन् ।

बन्दी विकास आविमा १ कक्षामा ३३, २ कक्षामा २३, ३ कक्षामा २५, ४ कक्षामा १७, ५ कक्षामा २२, ६ कक्षामा १९, ७ कक्षामा २२ र ८ कक्षामा १२ जनाले अध्ययन गरिरहेका छन् ।

त्यस्तै, महिला बन्दी विकास आविमा कक्षा १ मा ४९, कक्षा २ मा ३२, कक्षा ३ मा ३१, कक्षा ४ मा २२ र कक्षा ५ मा १६ जनाले अध्ययन गरिरहेका छन् ।

सबैभन्दा ठुलो विद्यालय जगन्नाथ माविमा कक्षा १ मा ३९, कक्षा २ मा ४०, कक्षा ३ मा ४६, कक्षा ४ मा ३५, कक्षा ५ मा २५, कक्षा ६ मा २१, कक्षा ७ मा १६, कक्षा ८ मा २१, कक्षा ९ मा २४, कक्षा १० मा १९, कक्षा ११ मा ६१ र कक्षा १२ मा ४९ जना अध्ययनरत छन् ।

१९ जनाले एसइई दिँदै, गत वर्ष सबै परीक्षार्थी उत्तीर्ण

कारागारभित्रको स्कुल भए पनि एसइईमा यहाँको नतिजा राम्रो छ । राष्ट्रिय परीक्षा बोर्डको उपस्थितिमा हुने परीक्षामा गत वर्ष २५ जनाले एसइई दिएकोमा सबै उत्तीर्ण भएका थिए । तीनजनाले त जिपिए ३.६ भन्दामाथि ल्याएका थिए । यसपटक पनि नतिजा राम्रो आउने गरी अध्ययन गराइरहेको जेलर कटुवालले बताए । 'यहाँका विद्यार्थीहरू परीक्षामा नतिजा राम्रो नै ल्याउँछन्, दिनभर फुर्सद हुने भएकाले अध्ययन गर्छन्,' उनले भने, 'कपी परीक्षण गर्ने र परीक्षा सञ्चालन गर्ने राष्ट्रिय परीक्षा बोर्डले नै हो, कपी बाहिर लगेर परीक्षण गरिन्छ ।' उनका अनुसार कारागारभित्र एसइईका लागि एउटा केन्द्र तोकिन्छ भने सुपरिवेक्षक पनि खटाउने गरिन्छ ।

कारागारमा रहेका कैदीबन्दीहरूले विद्यालय तहको शिक्षा प्राप्त गरे पनि उच्च शिक्षाबाट भने वञ्चित छन् । त्रिविले स्नातक तह र स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागू नहुँदासम्म यहाँका कैदीबन्दीको लागि यहीँ परीक्षा दिने व्यवस्था मिलाएको थियो । कैदीबन्दीहरू कारागारभित्रै बसेर पनि उच्च शिक्षा हासिल गरिरहेका हुन्थे । तर, पछिल्लो समय सेमेस्टर प्रणाली लागू गरेपछि भने कैदीबन्दीले उच्च शिक्षा पढ्न पाएका छैनन् । सेमेस्टर प्रणालीमा ८० प्रतिशत हाजिर हुनुपर्ने, परीक्षा दिन तोकिएको सेन्टरमा जानुपर्नेलगायतका कारणले कैदीबन्दीहरू उच्च शिक्षाबाट वञ्चित बनेका छन् ।

हाल स्नातक तह प्रथम वर्षमा भर्ना हुन योग्य सयजना कैदीबन्दी छन् भने कारागार चलान नहुँदै स्नातक तह र स्नातकोत्तर तह पढ्दै गरेका ९० जना हाराहारी छन् । उनीहरू कारागार चलान भएपछि पढाइ छुटेको छ । निरन्तरता दिनका लागि त्रिविले चासो नदिएको कैदीबन्दीले गुनासो गरेका छन् । यदि कारागारभन्दा बाहिर परीक्षा दिनका लागि एउटा कैदीलाई कुर्न तथा हेर्न ४ जना सुरक्षाकर्मी चाहिन्छ । कैदीबन्दीलाई बाहिर तोकिएको परीक्षा केन्द्रमा परीक्षा दिन लैजाँदा ठुलो सुरक्षा जनशक्ति चाहिने भएकाले कारागारले पनि उक्त जोखिम मोलेको छैन ।

खारेज...

पृष्ठ १ बाट क्रमशः

जसमध्ये नियमित सञ्चालनमा १३ हजारदेखि १४ हजार मात्रै रहेको देखिन्छ । बाँकीले न साधारण-सभा गरेका छन्, न अडिट नै गरेका छन् । त्यस्ता सहकारीको अब पहिचान गरिनेछ । सम्पर्कमा नआउने र हिसाबकिताब नबुझाउने सहकारी खारेजीको प्रक्रिया अघि बढ्नेछ भन्ने बैठकले निर्णय गरेको छ ।'

सहसचिव कोइरालाका अनुसार पहिलो चरणमा राष्ट्रिय सहकारी प्राधिकरणले मुलुभरका सहकारीको नयाँ रजिस्ट्रेसन खुलाउनेछ । प्रत्येक सहकारीले प्राधिकरणमा रजिस्ट्रेसन फाराम भर्नुपर्नेछ । फाराम अनलाइनमार्फत नै भर्न सकिनेछ । यसका लागि सहकारीमा प्रयोग हुँदै आएको सहकारीको व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मार्फत पनि सहयोग लिनेछ । त्यसपछि पनि सम्पर्कमा नआउने सहकारी खारेजीमा पर्नेछन् । कोइरालाले भने, 'नयाँ कानुनअनुसार मुलुकभरका सहकारी अब सहकारी प्राधिकरणमातहत दर्ता गर्नुपर्नेछ । यसका लागि प्राधिकरणले रजिस्ट्रेसन खुलाउँछ । आवश्यक काम अघि बढिसकेको छ । जो सम्पर्कमा आउँदैनन्, त्यस्ता सहकारी खारेजीमा पर्नेछन् ।'

खारेजीमा परेका सहकारीले कारोबार गर्न पाउनेछैनन् । निर्णयमा भनिएको छ, 'निष्क्रिय सहकारी संस्थाहरूको यकिन गरी विघटन तथा खारेजीको प्रक्रियामा लगिनेछ । त्यस्ता संस्थाले कारोबार गर्न नपाउने गरी रोक लगाई अलग्गै अभिलेख राखेर सार्वजनिक गरिनेछ । प्राधिकरणको अनुगमन र नियमनबाट खारेज गर्नुपर्ने देखिएमा सम्बन्धित रजिस्ट्रारसमक्ष लेखी पठाइनेछ ।'

बैठकले आगामी दिन सहकारी दर्ता गर्दा अपनाइने विधि र प्रक्रिया सम्बन्धमा १५ दिनभित्र सुझाव पेस गर्नसमेत प्रदेशस्थित तालुक मन्त्रालयलाई निर्देशन दिएको छ । 'सहकारी ऐन, २०७४ मा भएको संशोधनअनुरूप राष्ट्रिय सहकारी प्राधिकरण गठन भएर कार्य प्रारम्भसमेत गरेको सन्दर्भमा सहकारी दर्ता नियमन गर्दा के कसरी गर्ने भन्ने विषयमा सबै प्रदेश मन्त्रालयले १५ दिनभित्र सुझाव पठाउने निर्णय गरियो,' निर्णयमा उल्लेख छ ।

बैठकले प्रत्येक सहकारी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा समावेश गरिनुपर्ने निर्णय पनि गरेको छ । प्रणालीमा प्रवेश गर्दा सहकारीका सञ्चालक तथा लेखा परीक्षकको विवरण अनिवार्य समावेश गरिनुपर्छ । यसका लागि राष्ट्रिय परिचय-पत्रलाई अनिवार्य बनाइएको छ । 'सबै सहकारीलाई अनिवार्य कोपोमिस प्रणालीमा आबद्ध गरिनेछ । उनीहरूलाई डिजिटल रजिस्ट्रेसन नम्बर(सिसिआइएन) उपलब्ध गराइनेछ । सहकारीको सञ्चालक समिति, लेखा परिवेक्षण समितिका पदाधिकारीहरू, व्यवस्थापकहरूका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरी कोपोमिसमा प्रविष्ट गरिनेछ,' निर्णयमा उल्लेख छ ।

बैठकमा मन्त्रालयका मन्त्रीसहित विषयगत समितिका सचिव गणेश भट्ट, प्रमुख स्वकीयसचिव भेषराज पाण्डेय, कानुन तथा फैसला कार्यान्वयन शाखाका गोकुल भुजेल सहभागी थिए ।

निष्क्रिय सहकारी यकिन गर्ने सहकारी प्राधिकरण भने पदाधिकारीविहीन

वर्षौंदेखि निष्क्रिय हालतमा रहेका सहकारीलाई प्रक्रियामार्फत खारेज गर्ने निर्णय भए पनि यसका लागि जिम्मेवारी पाएको सहकारी प्राधिकरण भने पदाधिकारीविहीन छ । सरकारले आवश्यक पदाधिकारी र विज्ञटोली नियुक्त नगर्दा प्राधिकरणले आवश्यक कदम चाल्न सकेको छैन ।

प्राधिकरण स्रोतले भन्यो, 'कानुनले प्राधिकरणका लागि जुन परिकल्पना गरेको छ, त्यो पूरा गर्न कर्मचारी चाहिन्छ । विज्ञता हासिल गरेका पदाधिकारी आवश्यक पर्छ । प्राधिकरण गठन भएको महिना दिनभन्दा धेरै भइसक्यो । तर, न कर्मचारी छन् न विज्ञटोली नै । यस्तो हुँदा उद्देश्य पूरा गर्न कठिनाइ हुन्छ ।'

ढिस्कोले पुरिएर दुई महिलाको मृत्यु

अछाम/ माटोको ढिस्कोले पुरिएर अछाममा दुई महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा मंगलसेन नगरपालिका-८ सुतुडाकी २७ वर्षीया देउरूपा बोहरा र २३ वर्षीया विनिता बोहरा रहेको अछाम प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीले बताए । देउरूपा र विनिता जेठानी देवरानी हुन् । ओलीगाउँस्थित रातोमाटे भन्ने ठाउँमा माटो खन्न गएका उनीहरू माथिबाट खसेको ढिस्को खसेर पुरिएका थिए । घटनाबारे थाहा पाएलगत्तै उद्धारमा खटिएका स्थानीयले उनीहरूको शव निकालेका हुन् । अछामका प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालसहितको प्रहरी टोलीले घटनास्थल पुगेर घटनाको अध्ययन गरेको छ । कमजोर भूगोल र लामो समयदेखि स्थानीयले घर लिपपोतका लागि एउटै ठाउँमा माटो खन्ने गरेका कारण घटना भएको हुन सक्ने अनुमान गरिएको प्रमुख जिल्ला अधिकारी लम्सालले बताए ।

महानगरलाई...

पृष्ठ १ बाट क्रमशः

थिए । 'राप्रपा सुशासन र विधिको शासन मान्छ । सोहीअनुसार महानगरको निर्णय स्विकारेर एक लाख दाखिला गरेका छौँ,' शाहीले लेखेका छन् ।

तर, यस्तै प्रकृतिको पत्रअनुसार सत्तारूढ दल एमाले र राप्रपा नेपालले भने जरिवाना तिर्न आनाकानी गरेका छन् । ७ मंसिरमा दरबारमार्गस्थित खुला सडकमा जागरणसभा गर्ने क्रममा सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेको भन्दै महानगरले एमालेलाई एक लाख जरिवाना शुल्क तिर्न पत्र काटेको थियो ।

महानगरले जरिवानाको रसिद केन्द्रीय कार्यालयको नाममा काटेको छ । तर, एमाले केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जरिवाना शुल्क नतिर्ने बताए । 'उहाँहरूले बढी गर्नुभयो । यो उहाँहरूको स्टन्ट पनि हो । कार्यक्रमको आयोजक उपत्यकाका तीन जिल्ला कमिटी हुन् । केन्द्रीय कार्यालय काठमाडौँ महानगरपालिकामा पर्दैन,' उनले भने, 'केन्द्रीय कार्यालयलाई बिल काट्नुभयो, अर्को कुरा उहाँहरूले भनेजस्तो फोहोर गरेका होइनौँ ।'

गत ७ मंसिरमा दरबारमार्गस्थित खुला सडकमा जागरणसभा गर्दा सडक अस्तव्यस्त पारेको तथा सडकपेटीमा जथाभावी फोहोर फालेको महानगरको भनाइ छ । कागज, खानेपानीका बोटल, रक्सी तथा बियरका बोटल सडकभरि फालेर वातावरण प्रदूषण गरेको महानगरको दाबी छ ।

त्यस्तै, यसअघि २७ चैत ०८० मा पनि राप्रपालाई जरिवाना तिराएको थियो । त्यतिवेला राप्रपाको प्रदर्शनबाट फोहोरमैला भएको भन्दै महानगरले पाँच हजार रुपैयाँ जरिवाना गराएको थियो ।

एक वर्षअघि महानगरले राप्रपा नेपाललाई पनि जरिवाना तिराएको थियो । सिंहदरबारको गेटबाहिर तोडफोड गरेको भन्दै महानगरले राप्रपा नेपाललाई २५ हजार पाँच सय रुपैयाँ जरिवाना तोकेको थियो । तर, राप्रपा नेपालले पनि अहिलेसम्म जरिवाना तिरेको छैन ।

महानगरका प्रवक्ता नवीन मानन्धरले एमाले र राप्रपा नेपालले जरिवाना तिर्न आनाकानी गरेको बताए ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/११/२७
नेपाल सम्वत् ११४५

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलको कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

सि.नं	ठेक्काको नाम, नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक मु.अ.क र PS बाहेक
1.	Construction of Retaining Structure at Nirmal Asram-Kalikachaur Road ward no. 08 (NCB/BNP/CW/081_082/13)	New D.P Nirman Sewa, Chabile_Kathmandu	84,21,792.00

प्रमुख प्रशासकीय अधिकृत

रिलायन्स फाइनान्स लिमिटेडका
ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति: २०८१/११/२७)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल

केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण	
१ **नाम : हाइल्याण्ड विन्स कफी प्रा.लि.** ठेगाना : काठमाण्डौ जिल्ला, बत्तिसपुतली वडा नं. ०९ दर्ता मिति : २०७३-०६-१२ दर्ता नं. : १५६७१८/०७३/०७४ पान नं. : ६०४३३३७६६ **कर्जा शिर्षक : व्यापारिक कर्जा कर्जा**	हाइल्याण्ड विन्स कफी प्रा.लि.को नाममा दर्ता रहेको नवलपरासी जिल्ला, वर्दघाट सुस्तापुर्व सिसवार वडा नं. ७ग, स्थित कित्ता नं. ११३, ११४ को क्रमशः क्षेत्रफल १६९२.९२ र १६९३.१५ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**नाम : अर्जुन चौहान** ठेगाना : रामेछाप जिल्ला, फुलासी वडा नं.०९ हालको ठेगाना: भक्तपुर जिल्ला, चुनदेवी वडा नं. ०८ बुवा : मान बहादुर चुहान बाजे : कृष्ण बहादुर चौहान **नाम : दुर्गा बहादुर श्रेष्ठ** ठेगाना : रामेछाप जिल्ला, फुलासी वडा नं. ०६ बुवा : टिका राम श्रेष्ठ बाजे : हस्त बहादुर श्रेष्ठ	**नाम : कविता कार्की चौहान** ठेगाना : रामेछाप जिल्ला, मन्थली वडा नं. १४ हालको ठेगाना: भक्तपुर जिल्ला, चुनदेवी वडा नं. ०८ ससुरा : मान बहादुर चुहान श्रीमान : अर्जुन चौहान

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

गैह्र बैंकिङ्ग सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/११/२७)

यस पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग अचल सम्पत्ति (जग्गा) जहाँ जे जस्तो अवस्थामा र पमिाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.पा.–३२, पुरानो सिनामंगलमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यही सूचनाद्वारा सम्पूर्ण ईच्छुक महानुभावहरु तथा संघ संस्थाहरुलाई आव्हान गरिन्छ ।

तपसिल

बिक्री गरिने गैर बैंकिङ्ग सम्पत्तिको विवरण :

क्र.सं.	जिल्ला	न.पा./गा.वि.स. वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	ललितपुर	किटिनी–१/१ख	२००	०–६–२–२ (२१०.६२ ब.मि.)
२	ललितपुर	किटिनी–१/१ख	२३२	१–०–०–० (५०८.७४ ब.मि.)
३	ललितपुर	किटिनी–१/१ख	३९५३	३–२–०–० (१५८९.८० ब.मि.)

शर्तहरु :

१. शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालय, का.म.पा.–३२, पुरानो सिनामंगलबाट रु १०००/– (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम स्पष्ट बुझिने गरि अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम काठमाण्डौं स्थित पेप्सीकोला शाखामा यस संस्थाको नाममा रहेको Nic Asia Bank को खाता नं.४४४१२४९५६३५२४००२ मा जम्मा गरेको सक्कल भौचर सहित बोलपत्र गोप्य शिलबन्दी गरी संस्थाको कार्यालयमा मिति २०८१/१२/०४ गते कार्यालय समय (म्याद) भित्र पेश गरी लिलाम बिक्री कार्यमा सहभागी हुन सकिनेछ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्र प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तल उल्लेखित स्थान र समयमा लिलामी कार्य गरिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. माथि उल्लेखित सम्पत्तिहरु निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको कार्यालयमा सम्पर्क गरि निरीक्षण गर्न सकिनेछ ।
७. लिलाम प्रक्रिया सम्पन्न भएको लगत्तै सबै भन्दा बढी अंक बोलकबोल गर्ने व्यक्तिलाई बाँकी ९०% (नब्बे प्रतिशत) रकम दाखिला गर्न लगाई दाखिल खारेज नामसारी गर्ने निर्णय गरीने छ । सो हुन नसके दोस्रो बोलकबोल गर्ने लाई अवसर प्रदान गरीने छ ।
८. बोलपत्र स्विकृत भइ संस्थाद्वारा प्रदान गरिने समयभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाइ सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभकर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै ब्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । साथै धरौटी राखिएको रकममा ब्याज प्रदान गरिने छैन ।
११. कुनै शर्त राखि पेश भएको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहने छ ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ चैत्र ०४ गते सोमबार
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ चैत्र ०५ गते मंगलबार
समय : दिनको १ बजे
बोलपत्र खोलिने स्थान : का.म.पा–३२, पुरानो सिनामंगल, काठमाण्डौं

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाण्डौ महानगरपालिका–३२, पुरानो सिनामंगल
फोन नं. ०१४९९०७०६, Email : 5starsahakari@gmail.com

१२ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै सकियो महिला न्यायाधीशको सम्मेलन

नयाँ पत्रिका

महिला न्यायाधीशहरूको दोस्रो राष्ट्रिय सम्मेलन १२ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै सम्पन्न भएको छ। ०८० मा जारी घोषणापत्र स्मरण गर्दै तिनको कार्यान्वयनको मागसहित सोमबार काठमाडौंमा सम्मेलन सकिएको हो।

सम्मेलनले यौन दुर्व्यवहारसम्बन्धी नीति बनाउनुपर्ने मागसहित महिला न्यायाधीशहरूको राष्ट्रिय सञ्जाल गठनका लागि प्रतिबद्धता व्यक्त गरेको छ। अन्तर्राष्ट्रिय महिला न्यायाधीश दिवसका अवसरमा आयोजित सम्मेलनमा देशभरका ५० न्यायाधीश र १० जना पूर्वन्यायाधीश गरी ६० जनाको उपस्थिति थियो। कार्यस्थलमा हुने यौन दुर्व्यवहारको तत्काल सुनुवाइका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गर्नुपर्ने माग न्यायाधीशहरूको छ। 'कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको तत्काल सुनुवाइका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गर्न पहलकदमी गर्न जोड दिनुका साथै यौनजन्य दुर्व्यवहारसम्बन्धी नीति बनाउन तथा कार्यान्वयनका लागि अदालतको नियमावली संशोधन गरी तीनै तहका अदालतमा महिला समिति गठनका लागि पहल गर्ने,' प्रतिबद्धतापत्रको सातौँ बुँदामा छ।

महिला मात्र भएर हुँदैन, क्षमता, साहस र अध्ययन चाहिन्छ

● **सुशीला कार्की**, पूर्वप्रधानन्यायाधीश



महिला न्यायाधीश भएर आउँदैमा सबै कुरा हुँदैन। क्षमता, साहस, अध्ययन दिनरात गर्नैपर्छ। आफूले इमानदार भएर काम गर्नुपर्छ। र अरूले भनेका कुरामा चिन्ता लिनुहुँदैन। मैले एकजना सम्माननीयज्यूसँग झगडा पनि गरेकी छु। उहाँले पर्दा हटाएर खै महिला कहाँ छन् देखाऊ त भन्नुभयो। मेरो बेलामा त जम्मा सातजना न्यायाधीश महिला थिए। अहिले पनि समाजमा धेरै महिला पीडित छन्। भन्नलाई त सरकारले भन्छ हामीले धेरै गरेका छौँ। तर त्यो कागजमा मात्र हुन्छ। जस्टिस दिने काम न्यायाधीशले मात्र गर्छ।

सम्मेलनमा सहभागी महिला न्यायाधीशहरूले अदालतका संरचना, पूर्वाधार महिलामैत्री बनाउनुका साथै महिला न्यायाधीश तथा कर्मचारीका लागि सुरक्षित आवासको प्रबन्ध मिलाउने, सुरक्षा व्यवस्थापनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। 'सबै तहका महिला न्यायाधीश र सेवानिवृत्त महिला न्यायाधीशहरूको न्यायाधीश पदमा सेवा सुरु गर्दा, माथिल्लो तहमा नियुक्ति हुँदा, उक्त पदमा कार्यरत रहँदाका अनुभव, अवसर र चुनौतीलाई दस्तावेज गरी अभिलेखीकरण गर्ने,' प्रतिबद्धतापत्रको १०औँ बुँदामा भनिएको छ।

सबै तहका अदालत तथा न्यायिक निकायमा कार्यरत महिला न्यायाधीश, अधिकृत तथा महिला कर्मचारीबीचको विविधतालाई ध्यान दिई व्यावसायिक क्षमता, दक्षता र नेतृत्व विकासका लागि आवश्यक नीति, रणनीति र कार्यक्रमको निर्माणका लागि पहल गर्ने प्रतिबद्धता सहभागीहरूले जनाएका छन्। उच्च शिक्षा अध्ययनको अवसर, प्रशिक्षण, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्मेलन तथा गोष्ठीमा सहभागिता तथा वैदेशिक अवलोकन भ्रमणलगायत अनुभव आदानप्रदानसम्बन्धी पर्याप्त अवसरको व्यवस्थापन र समन्वयका लागि पहल गर्ने पनि प्रतिबद्धतापत्रमा उल्लेख छ।

सम्मेलनमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले महिला न्यायाधीशहरू न्यायप्रणालीको गौरव हुनुपर्ने बताए। 'महिला न्यायाधीशहरू न्यायप्रणालीको गौरव हुनुपर्छ। मेरोतर्फबाट जुन भूमिका निर्वाह गर्नुपर्छ म गर्छु। जस्टिसको कुरो शाश्वत हो। महिलाहरू निर्णायक स्थानमा हुनुपर्छ,' सम्मेलन उद्घाटन गर्दै उनले भने। वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लले निर्णायक तथा राज्यका उपल्ला तहमा महिलाको उपस्थिति न्यून भएको बताइन्। महिलामाथि नै क्षमताको प्रश्न उठ्ने र लैंगिकताकै कारण महिलाले पटक-पटक आफूलाई प्रमाणित गरिरहनुपर्ने उनको भनाइ थियो।

सडक संघर्षतिर विपक्षी दल

प्रतिगामी चलखेल बढेको, राष्ट्रियता कमजोर भएको, महँगी अकासिएकोलगायतका एजेन्डासहित आन्दोलनमा जाने निर्णय

प्रेम गौतम/नयाँ पत्रिका

सरकारका गलत काम र नीतिविरुद्ध सदनमा आवाज उठाइरहेका विपक्षी दल सडक संघर्षमा जाने भएका छन्। उनीहरूले व्यवस्थाविरोधी प्रतिगामी चलखेल बढेको, राष्ट्रियता कमजोर भएको, विकृति, विसंगति र भ्रष्टाचार बढेको, महँगी अकासिएको जस्ता मुद्दा लिएर सडकमा जाने निर्णय गरेका हुन्।

प्रमुख प्रतिपक्षी दल माओवादी, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सम्मिलित समाजवादी मोर्चाले २४ चैतमा काठमाडौंमा जनप्रदर्शन तय गरेको छ। दलहरूले पार्टीगत रूपमा पनि संघर्षमा जाने निर्णय गरेका छन्। मोर्चाले सरकार स्वेच्छाचारी रूपमा अघि बढेर जनविरोधी काम गरेको निष्कर्षसहित सडक आन्दोलनको घोषणा गरेको छ। ९ चैतमा मधेश प्रदेशमा खबरदारी सभा गर्ने मोर्चाको तयारी छ। काठमाडौंमा जनप्रदर्शन गर्नुअघि अन्य ६ प्रदेशमा पनि विरोध कार्यक्रम गर्ने जनाएको छ, तर मिति तय भइसकेको छैन। 'प्रतिगामी सलबलाए। राष्ट्रियता कमजोर भयो। महँगी र भ्रष्टाचार बढ्यो। जनताले सरकार भएको महसुस नै गर्न पाएनन्। त्यसको विरुद्धमा जनतामा जाँदै छौँ,' नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादवले भने।

यसै सन्दर्भमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालबिच सोमबार भएको भेटमा राजावादी गतिविधि, सरकारी कार्यशैली तथा समसामयिक राजनीतिक परिस्थितिबारे छलफल भएको छ। दक्षिणपन्थी शक्तिको प्रभाव बढ्दै गएको भन्दै माओवादीले आफ्नो अभियान केही समयका लागि स्थगित गरेको छ। प्रचण्ड र नेपालबिच लोकतान्त्रिक व्यवस्थाको रक्षा गर्न पहलकदमी लिने र आवश्यक परे आन्दोलनसम्म जाने विषयमा सहमति जुटेको छ। भेटपछि प्रचण्डले सरकारले जनताको पक्षमा प्रभावकारी काम गर्न नसक्दा व्यापक निराशा फैलिएको टिप्पणी गरे।

सरकारले जनताको समस्याप्रति ध्यान केन्द्रित गर्न नसकेको र त्यसको फाइदा प्रतिक्रियावादीले लिएको प्रचण्डले दाबी गरे। 'जनताको समस्याका बारेमा सरकारको ध्यान केन्द्रित भएको अझै देखिँदैन। सेटिङमा नै आफ्नै मान्छे भर्ती गर्ने, नियुक्ति गर्नेतिर केन्द्रित भएकाले जनतामा निकै ठूलो फ्रस्ट्रेसन छ। त्यसले गर्दा नै प्रतिक्रियावादी शक्तिहरूले त्यसलाई मौका पाएजस्तो देखिन्छ', उनले भने, 'अब कसरी अगाडि बढ्ने भन्नेमा हामी सल्लाह गर्दै छौँ।'

भेटपछि एकीकृत समाजवादीका अध्यक्ष नेपालले इतिहासको रथ पछाडि फर्किन नसक्ने बताए। 'इतिहासको रथ पछाडि फर्किन सक्दैन। प्रगति चाहियो, परिवर्तन चाहियो। जनताको हित र कल्याणको शासन चाहियो। त्यो राजाबाट सम्भव छैन। इतिहासले बताइसकेको छ। त्यसकारण फेरि त्यो निरंकुश शासनमा जनता जाँदैनन्। गल्ती गरेका छौँ भने हामी सच्चिनुपर्‍यो,' उनले भने।

माओवादीले गणतन्त्र पक्षधरहरूको प्रदर्शन गर्ने निर्णय लिए पनि मिति भने तय हुन बाँकी छ। सरकारको नालायकीले प्रतिगामी शक्ति आशावादी देखिए पनि देशमा प्रतिगमन सम्भव नभएको माओवादी निष्कर्ष छ। 'काठमाडौंमा प्रदर्शन गर्ने निर्णय भएको छ,' माओवादी सचिव देवेन्द्र पौडेलले भने।



फाइल तस्बिर

● **प्रचण्ड**, अध्यक्ष, माओवादी



जनताको समस्याका बारेमा सरकारको ध्यान केन्द्रित भएको अझै देखिँदैन। सेटिङमा नै आफ्नै मान्छे भर्ती गर्ने, नियुक्ति गर्नेतिर केन्द्रित भएकाले जनतामा निकै ठूलो फ्रस्ट्रेसन छ। त्यसले गर्दा नै प्रतिक्रियावादी शक्तिहरूले त्यसलाई मौका पाएजस्तो देखिन्छ। अब कसरी अगाडि बढ्ने भन्नेमा हामी सल्लाह गर्दै छौँ।

● **माधवकुमार नेपाल**, अध्यक्ष, एकीकृत समाजवादी



इतिहासको रथ पछाडि फर्किन सक्दैन। प्रगति चाहियो, परिवर्तन चाहियो। जनताको हित र कल्याणको शासन चाहियो। त्यो राजाबाट सम्भव छैन। इतिहासले बताइसकेको छ। त्यसकारण फेरि त्यो निरंकुश शासनमा जनता जाँदैनन्। गल्ती गरेका छौँ भने हामी सच्चिनुपर्‍यो।

संसद्मा प्रचण्डको सम्बोधन आज

माओवादी अध्यक्ष प्रचण्डले मंगलबारको प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्ने भएका छन्। सभामुख देवराज घिमिरेले सोमबार बोलाएको प्रमुख सचेतकहरूको बैठकले प्रचण्डको सम्बोधन निर्धारण गरेको हो। 'पूर्वप्रधानमन्त्री एवं प्रमुख प्रतिपक्ष दलका नेताले भोलि (मंगलबार) संसद्मा बोल्नका लागि समय माग्नुभएको छ। उहाँले बोल्ने गरी समय निर्धारण भएको छ,' एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भने। प्रचण्डले राजावादीको सक्रियता, सरकारको कामकारबाहीदेखि तराई मधेश जागरण अभियानमा जनताले उठाएका विषयसमेत सदनमा उठाउने तयारी गरेका छन्।



पार्टी बैठकमा प्रचण्डले वामपन्थी र गणतन्त्रवादी शक्ति एक ठाउँमा उभिएर व्यवस्थाविरोधी गतिविधिको प्रतिवाद गर्नुपर्नेमा जोड दिएका छन्। 'माओवादीकै अगुवाइमा यो व्यवस्था आएको हो। यसको रक्षा गर्ने दायित्व पनि माओवादीकै हो। सरकारको नालायकीका कारण प्रतिगामीहरू सलबलाएका छन्। यस्तो वेला हामी चुप लागेर बस्नुहुँदैन। प्रतिगामी गतिविधिको प्रतिवाद गर्नुपर्छ', बैठकमा प्रचण्डको भनाइ थियो। राजावादीको प्रदर्शनमा भारतको उत्तरप्रदेशको मुख्यमन्त्रीको तस्बिर प्रयोग गरिनु चिन्ताको विषय भएको प्रचण्डले बताएका थिए। 'प्रदर्शनमा उत्तर प्रदेशका मुख्यमन्त्रीको तस्बिर पनि देखियो। भारतको पनि सहभागिता हो भने झन् चिन्ताजनक विषय हो। सत्यतथ्य पत्ता लगाउनुपर्छ,' प्रचण्डले भनेका छन्। राष्ट्रिय राजनीति गम्भीर मोडमा पुगेकाले राजावादीको सक्रियतालाई हल्का रूपमा लिन नहुने उनले औँल्याएका छन्।

एकीकृत समाजवादीले प्रतिगमनकारी तथा पुनरुत्थानवादी तत्त्वको सम्पूर्ण कुकर्महरूलाई नांगेझार पार्न सबै राजनीतिक पार्टी, बौद्धिक जगत्, नागरिक समाज र आम जनसमुदायमा अपिल गरेको छ। सोमबार पार्टी कार्यालय आलोकनगरमा बसेको केन्द्रीय सचिवालय बैठकबाट विशेष प्रस्ताव पारित गर्दै अपिल जारी गरिएको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले भने। नेपाली जनताको लामो संघर्ष र जननिर्वाचित संविधानसभाबाट स्थापित गणतन्त्रविरुद्ध गतिविधिहरू बढेको निष्कर्ष निकाल्दै बैठकले गणतन्त्रको विकल्प उन्नतस्तरको गणतन्त्र मात्रै रहेको प्रस्ट्याएको छ।

■ गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन : जसपा नेपाल

जसपा नेपालले प्रमुख दलको गलत कार्यशैलीका कारण राजावादीहरू सलबलाएको दाबी गरेको छ। तर, उसले गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने टिप्पणी गरेको छ।

'प्रमुख तीन दल र ती दलका शीर्ष नेताका कारण राजावादी सलबलाएका हुन्। गणतन्त्रकै कारण राजावादीहरूले पनि बोल्न पाएका छन्। पूर्वराजा ज्ञानेन्द्रलाई नेता बन्ने मन छ भने पार्टी खोलेर चुनावमा आए हुन्छ। गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन। संघीयताको पनि अर्को विकल्प छैन। आवश्यक परे आन्दोलनका लागि हामी तयार छौँ,' जसपा नेपालका प्रवक्ता मनीष सुमनले भने। स्थिरता र सुशासन कायम गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली, जनताबाट निर्वाचित समानुपातिक, समावेशी संसद् र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको माग जसपा नेपालको छ।

राजावादी पनि आन्दोलनको तयारीमा

काठमाडौं/ पोखराबाट काठमाडौं आउँदा पूर्वराजाको स्वागतमा समर्थकहरूको उपस्थितिले हौसिएका राजावादी दल तथा समूहले आन्दोलनको तयारी गरेका छन्। होलीलगत्तै उनीहरूले मोचाबन्दी र अलग-अलग कार्यक्रमका विकल्पसहित आन्दोलनमा जाने तयारी थाल्ने भएका हुन्। राजावादी विचार समूहको सबैभन्दा ठुलो दल राप्रपाले आइतबार पूर्वराजा शाहको उपस्थितिमा भएको प्रदर्शनको समीक्षा गर्न र आन्दोलनको भावी रणनीति तय गर्न ३ चैतका लागि केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाइसकेको छ।

> फागु पूर्णिमालगत्तै राप्रपाले रणनीति बनाउने, साझा मोर्चाका लागि राप्रपा नेपालको जोड

'आइतबारको उपस्थिति वास्तवमा जनसागर थियो र त्यसले स्पष्ट संकेत गरेको छ कि देश यही अवस्थामा रहन सक्दैन। हामी समान विचारका दल, नागरिक समाज सबैको साथ लिएर आन्दोलन अघि बढाउनेछौँ,' राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने। राप्रपाले आफ्नो एजेन्डाका लागि वातावरण थप सहज भएको र सत्ता तथा प्रतिपक्षी दलहरूले सोच्नुपर्ने परिस्थिति बन्दै गरेको निष्कर्ष निकालेको छ। पूर्वराजा शाहको सम्मान र स्वागत कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको तथा आमनागरिकको विशाल र उत्साहजनक उपस्थितिले नेपालमा राजसंस्थाको आवश्यकता र अपरिहार्यता प्रमाणित भएको राप्रपाको दाबी छ।

राप्रपा नेपाल पनि आइतबारको प्रदर्शनबाट हौसिएको छ। राप्रपा नेपालले प्रजातन्त्र दिवसमा पूर्वराजा शाहले गरेको सम्बोधनलाई जनताले आत्मसात गरेको दाबी गरेको छ। आइतबारको प्रदर्शनलाई 'ऐतिहासिक जनप्रदर्शन'भनेको राप्रपा नेपालले अब चाँडै नै हिन्दुराष्ट्र र राजसंस्था पुनर्स्थापना हुने संकेत देखिएको पनि तर्क गरेको छ। 'आइतबार जनप्रदर्शनको राप र ताप जुन स्केलमा आएको छ, यसलाई निरन्तर अघि बढाउनुपर्छ। तर, अन्योलमा अघि जान नसकिने भएको हुनाले म विचारधारा मिल्ने सबैसँग समन्वय गरेर अघि बढ्नेछु,' राप्रपा नेपालका अध्यक्ष कमल थापाले सोमबार पदाधिकारी बैठकमा भने।

राप्रपा नेपालले जनताको आवाज, चाहना र समयको मागलाई सम्बोधन गर्दै शान्तिपूर्ण निकास खोज्ने जिम्मेवारी प्रमुख राजनीतिक दलहरूको काँधमा आएको जनाएको छ। 'सर्वपक्षीय सहमतिको आधारमा सबै विचार र शक्तिहरू अटाउने मौलिक प्रजातान्त्रिक प्रणाली स्थापना गर्न अब ढिलो गर्नुहुँदैन भन्नेमा हामीले पुनःजोड दिएका छौँ,' राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौलाले भने। सबै राष्ट्रवादी, राजावादी, हिन्दुवादी, प्रजातन्त्रवादी र देशभक्तशक्तिहरू यथासम्भव चाँडो एकताबद्ध हुन र संयुक्त मोर्चा निर्माण गर्न राप्रपा नेपालले आह्वान गरेको छ।

राप्रपा नेपालले 'सर्वपक्षीय आन्दोलनको मोर्चा' गठन गर्न तथा तत्काल जनआन्दोलनको घोषणा र कार्यक्रम तयार गर्नसमेत सम्बद्ध सबैमा आह्वान गरेको छ। 'अब केही समयका लागि एक्लाएक्लै आन्दोलन गर्ने मनस्थिति परित्याग गर्नुपर्छ भन्ने निष्कर्षमा हामी पुगेका छौँ। विचारधारा मिल्ने सबै दल, समूह र नागरिक समाज एकताबद्ध भएर अघि बढ्नुपर्छ, त्यसका लागि प्रयास र समन्वय पनि हामीले नै गर्नुपर्छ भन्ने निष्कर्ष निकालेका छौँ,' बर्तौलाले भने।


परराष्ट्रमन्त्री राणा दिल्लीमा

काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणा भारत भ्रमणका क्रममा सोमबार नयाँदिल्ली पुगेकी छिन्। भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्मा र भारतीय विदेश मन्त्रालयका अधिकारीले उनलाई दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे। उनी तीर्थाटन, स्वास्थ्योपचार र विदेश मामिलासँग सम्बन्धित सम्मेलन रायसिना डायलगमा सहभागी हुनेछिन्। परराष्ट्र मन्त्रालयका अनुसार परराष्ट्रमन्त्री राणा सुरुमा भारतको झारखण्ड राज्यमा अवस्थित वैद्यनाथ बाबाधाम जाने कार्यक्रम छ। 'परिवारका सदस्यसहित उहाँ झारखण्डको वैद्यनाथ धाम जानुहुन्छ। चिकित्सकको समय अनुकूल भयो भने ४ चैतभन्दा पहिले नै उहाँको स्वास्थ्योपचार हुनेछ र रायसिना डायलगमा सहभागी भएर ७ चैतमा स्वदेश आउनुहुन्छ,' परराष्ट्र स्रोतले भन्यो, 'स्वास्थ्योपचार ४ चैतसम्म हुन सकेन भने उहाँको भारत बसाइ केही दिन लम्बिन पनि सक्छ।' भारतीय समकक्षी डा. एस जयशंकरको निमन्त्रणामा उनी भारत गएकी हुन्। रायसिना डायलग ४-६ चैतमा भारतको नयाँदिल्लीमा आयोजना हुँदै छ। रायसिना डायलगलाई परराष्ट्रमन्त्री राणाले सम्बोधन गर्ने पनि कार्यक्रम छ। भारतीय विदेश मन्त्रालय र चिन्तन संस्था अब्जर्भर रिसर्च फाउन्डेसन (ओआरएफ) रायसिना डायलगका आयोजक हुन्।

गोकर्णमा हत्या गरिएकी महिलाको पहिचान खुलेन

काठमाडौं/ गोकर्णेश्वर नगरपालिका-७ नामी कलेजनजिकै बागमती नदी किनारमा हत्या गरी बोरामा प्याक गरिएको अवस्था भेटिएकी महिलाको पहिचान अझै खुल्न सकेको छैन। तर, हत्यामा संलग्न ६ अभियुक्तलाई भने प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाही बागमती ढुंग्रेखोलाका २५ वर्षीय कैलाश खड्का, मकवानपुर हेटौँडा शिखरपानीका २० वर्षीय सुरेश तामाङ, नुवाकोट देउरालीका २४ वर्षीय रोशन तामाङ, सिन्धुपाल्चोक तिपिनेकी २० पूजा परियार, एक नाबालक र पेम्बा तामाङ छन्। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार हत्या गरिएकी महिला अन्दाजी ३५ वर्षकी छिन्। उनी घटनामा संलग्न हुनेहरूसँगै बस्दै आएकी थिइन्। उनको मृत शरीर शनिबार बागमती नदी किनारमा फेला परेको थियो। 'शनिबार एक महिलाको शव बागमती नदी किनारमा फेला पर्‍यो। बोरामा प्याक गरिएको अवस्थामा उनको मृत शरीर भेटिएको थियो। तर, उनको अझै पहिचान खुल्न सकेको छैन। सूचनाअनुसार उनी अभियुक्तसँगै बस्दै आएकी थिइन्,' जिल्ला प्रहरी परिसरका प्रवक्ता एसपी अपिलराज बोहराले भने। प्रहरीका अनुसार शव पोस्टमार्टमका लागि महाराजगन्जस्थित शिक्षण अस्पताल पठाइएको छ।

मैले भन्नुपर्ने कुरा बाँकी छ, चाँडै सार्वजनिक गर्छु : लामिछाने



रुपन्देही/ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले केही समयपछि आफ्ना भनाइ सार्वजनिक गर्ने बताएका छन्। सुप्रिम सहकारी ठगी प्रकरणको मुद्दाका सिलसिलामा सोमबार रुपन्देही आएका उनले सञ्चारकर्मीहरूसँग आफूले भन्नुपर्ने कुरा आउन बाँकी रहेको बताए। 'मैले प्रतिक्रिया दिने समय आउन बाँकी छ। केही समयपछि बृहत् रूपमा आफ्ना कुरा राख्ने तयारीमा छु,' उनले भने। रविले आफू नहराएको भन्दै अहिले नबोले पनि पार्टीले धारणा राख्दै आएको बताए।

आफ्नो र मुलुकबारे जनताले हेरिरहेको उनले टिप्पणी गरे। 'दिनैपिच्छे मुद्दा लगाएर हातमा तारिख पर्चा थमाइदिएको जनतालाई थाहा छ। प्रशासकीय अधिकृत नपठाइदिएको जनतालाई थाहा छ, खाली गाग्री पठाएको जनतालाई थाहा छ। आफ्ना मान्छेको मुद्दा छानीछानी हटाएको र अर्काको मान्छेको छानीछानी मुद्दा लगाएको जनतालाई थाहा छ,' उनले भने, 'छलकपट गरेर सरकारले संसद् प्रवेशमा रोक लगाएको छ।' आफू सत्तामा रहँदा भ्रष्टाचारविरुद्ध ठुलै अभियान थालेको पनि उनले दाबी गरे।

पोखरा महानगरले फेवाताल किनारमा कोटिहोम आयोजना गर्न नदिने

कास्कीमा **रोहितराज पराजुली**

पोखरामा आयोजना हुने भनिएको कोटिहोमको विषयलाई लिएर दुई महिनादेखि जारी विवाद सोमबार सकिएको छ। पोखरा महानगरपालिकाको आह्वानमा सोमबार जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय र कोटिहोम आयोजकसहित सरोकारवालाहरूको बैठकले कोटिहोम आयोजना गर्न दिने निर्णय गरेको हो।

पोखराको प्रमुख पर्यटकीय स्थल फेवाताल किनारको बाराहीघाट र हल्लनचोकस्थित क्याम्पिङ चोकको जग्गामा कोटिहोम गर्न नदिने निर्णय भएको पोखराका मेयर धनराज आचार्यले बताए। कोटिहोमका लागि हाल आयोजकले गर्ने भनेको स्थानमा गर्न नदिने र यसका लागि अर्को स्थानमा उपयुक्त जग्गा खोजी गर्ने, जग्गा खोजीका लागि मंगलबार बस्ने महानगरपालिकाको ४३औँ कार्यपालिका बैठकले पाँच सदस्यीय समिति गठन गर्ने र सोही समितिले सम्भावित वैकल्पिक स्थानको विषयमा छलफल गरी निर्णय लिइने उनले बताए।

कार्यपालिका बैठकले हाल देखिएको विवाद समाधानसँगै वैकल्पिक स्थानको खोजी गरी कोटिहोम गर्ने स्थानको टुंगो लगाउन जिल्ला प्रशासन कार्यालय कास्कीका एक, महानगरका दुई र आयोजक फाउन्डेसनका दुई गरी पाँच सदस्यीय समिति गठन गर्ने सहमति बैठकमा भएको छ।

विवादित धर्मगुरु बालयोगेश्वर विजय कृष्णमूर्ति भनिने विजय भण्डारी संस्थापक एवं सञ्चालक रहेको मानव सेवा फाउन्डेसन नेपालले आगामी १७ वैशाखदेखि २६ जेठसम्म फेवाताल किनारमा रहेको नेपाल ट्रस्टमातहतको बाराहीघाट र हल्लनचोकस्थित क्याम्पिङ चोकको जग्गामा कोटिहोम आयोजना गर्न लागेको हो।

कोटिहोमका लागि नेपाल ट्रस्टको स्वामित्वमा रहेको बाराहीघाटको जग्गामा आगामी १७ चैतदेखि १७ वैशाखसम्म कोटिहोमको प्रचारात्मक कार्यक्रम गर्ने, १७ वैशाखदेखि २६ जेठसम्म कोटिहोम सञ्चालन गर्ने आयोजकको तयारी थियो। कोटिहोमका लागि आयोजकले जग्गा प्रयोगबापत नेपाल ट्रस्टलाई भाडाबापत ११ लाख ५९ हजार रुपैयाँसमेत बुझाइसकेको छ। तर, आयोजकले स्थानीय सरकारसँग भने हालसम्म अनुमति लिएको छैन।

आयोजकले कोटिहोममा प्रयोग हुने समिदाका लागि भन्दै महानगर क्षेत्रमा रहेका ऐतिहासिक चौतारा र सडकछेउमा रहेका वर, पीपल, समीलगायतका रुखका हाँगा अनुमतिबेगर मुठारेपछि दुई महिनाअघिदेखि विवाद सुरु भएको थियो। सोही क्रममा आयोजकले २३ फागुनमा बाराहीघाटस्थित जग्गामा भूमिपूजन गर्न लाग्दा महानगरका प्रहरी र आयोजक पक्षबिच झडपसमेत भएको थियो। आयोजक कुनै पनि हालतमा कोटिहोम गर्ने र महानगर कुनै पनि हालतमा गर्न नदिने अडानमा रहँदा महानगरका ११ र आयोजक पक्षका सातजना घाइते भएका थिए। यसअघि कुनै पनि हालतमा कोटिहोम गर्न नदिने अडान लिएको महानगरले कोटिहोमलाई अपनत्व लिने निर्णय बैठकमा भएको विश्व हिन्दु महासंघका उपाध्यक्ष शंकर खरालले बताए।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना (प्रकाशित मिति २०८१/११/२७)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : मुकेश ब्याग उद्योग (लघु उद्यम कर्जा) -शाखा कार्यालय विरगंज,** लघु उद्यम दर्ता नं. : ६२/०७३/०७४, ठेगाना : विरगंज उ.म.न.पा.१३, पर्सा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. नन्द किशोर प्रसाद यादव -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ७०१२१९८५, मिति २०६१/०७/१६ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : राम अधार प्रसाद यादव, बाजे : राधा कृष्ण प्रसाद यादव **२. किरण देवी यादव -जमानीकर्ता** (ना.प्र.नं. ३४३०६४/७, मिति २०७०/०२/२२ मा जि.प्र.का.पर्साबाट जारी भएको) पति : नन्द किशोर प्रसाद यादव, ससुरा : राम अधार प्रसाद यादव	२.	**ऋणी : दिल आमा कस्मेटीक (आवधिक कर्जा) -शाखा कार्यालय हाकिमचोक,** प्रा.फ.र.नं. : ८००/०७६/०७७, ठेगाना : भरतपुर म.न.पा. १२, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. कोपिला भुजेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २६१/६७०६४ धादिङ, मिति २०७०/०४/२० मा जि.प्र.का.चितवनबाट जारी भएको) पति : चन्द्र बहादुर भुजेल, ससुरा : कृष्ण बहादुर भुजेल **२. चन्द्र बहादुर भुजेल -जमानीकर्ता** (ना.प्र.नं.१८२०४/०६२, मिति २०६३/०५/२१ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : कृष्ण बहादुर भुजेल, बाजे : जय बहादुर भुजेल
३.	**ऋणी : नारायण कुमार गिरी र सकुन्तला गिरी (लघु आवधिक कर्जा) -शाखा कार्यालय दैलेख,** ठेगाना : पादुका गा.वि.स. ०४, दैलेख **क) नारायण कुमार गिरी** (ना.प्र.नं.७५३, मिति २०४८/०७/०६ मा जि.प्र.का.दैलेखबाट जारी भएको), बाबु : कालु गिरी, बाजे : सेवा गिरी **ख) सकुन्तला गिरी** (ना.प्र.नं.६३३०३८/४४७, मिति २०६३/१०/११ मा जि.प्र.का. दैलेखबाट जारी भएको), पति : नारायण कुमार गिरी, ससुरा : कालु गिरी **व्यक्तिगत जमानीकर्ता :** **लक्ष्मण गिरी -जमानीकर्ता** (ना.प्र.नं. ६३२०५७/७२, मिति २०७१/०४/०४ मा जि.प्र.का.दैलेखबाट जारी भएको), बाबु : नारायण कुमार गिरी, बाजे : कालु गिरी	४.	**ऋणी : प्रकाश कुमार श्रेष्ठ र गोमा लिम्बु (विविध कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** ठेगाना : मिलनचोक १४, ललितपुर **क) प्रकाश कुमार श्रेष्ठ** (ना.प्र.नं.०४२३११४१६४४, मिति २०५२/१०/०४ मा जि.प्र.का.झापाबाट जारी भएको), बाबु: खगेन्द्र कुमार श्रेष्ठ, बाजे: नन्द कुमार श्रेष्ठ **ख) गोमा लिम्बु** (ना.प्र.नं.७९०१/१८११५(०४४), मिति २०५३/१२/२० मा जि.प्र.का.सुनसरीबाट जारी भएको), बाबु : पूर्णहाङ लिम्बु, बाजे : जगत बहादुर लिम्बु
		६.	**ऋणी : टेक बहादुर तामाङ (सवारी साधन कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** (ना.प्र.नं. ५टो ७९०१-०४४/४५, मिति २०४५/०२/१० मा जि.प्र.का.धादिङबाट जारी भएको), ठेगाना : निलकण्ठ ५, धादिङ बाबु : यङ्गलामा तामाङ्ग, बाजे : बलि तामाङ **व्यक्तिगत जमानीकर्ता :** **जुरीदेवी तामाङ** (ना.प्र.नं. २६३८३८-०४६/४७, मिति २०४६/१०/१२ मा जि.प्र.का. धादिङबाट जारी भएको) पति : टेक बहादुर तामाङ, ससुरा : यङ्गलामा तामाङ्ग
५.	**ऋणी : ब्राहा सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय घोराही** प्रा.फ.र.नं.: १५४३/१४०/०६६/०६७, ठेगाना : घोराही उ.म.न.पा.१५, दाङ **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. धिरज पौडेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ५१६५/२०७०, मिति २०५८/०१/२५ मा जि.प्र.का.दाङबाट जारी भएको), बाबु : ईश्वरी प्रसाद पौडेल, बाजे : डम्बर बहादुर पौडेल **२. अनुराधा देबि पौडेल -जमानीकर्ता** (ना.प्र.नं. १०२, मिति २०४५/०१/१० मा जि.प्र.का.बाँकेबाट जारी भएको), पति : ईश्वरी प्रसाद पौडेल, ससुरा : डम्बर बहादुर पौडेल **३. सुजना शाह पौडेल -जमानीकर्ता** (ना.प्र.नं. ५२-०१-७१-०४१६१, मिति २०७१/०८/२९ मा जि.प्र.का. दाङबाट जारी भएको) पति : धिरज पौडेल, ससुरा : ईश्वरी प्रसाद पौडेल	८.	**ऋणी : नविन कुमार लामा तामाङ्ग र खिचा कुमारी तामाङ्ग (धितो कर्जा) -शाखा कार्यालय कपन,** ठेगाना : ढलकेवर ०४, धनुषा **क) नविन कुमार लामा तामाङ्ग** (ना.प्र.नं. २५६६८२७८, मिति २०५६/०५/२४ मा जि.प्र.का.धनुषाबाट जारी भएको), बाबु: नरेन्द्र थिङ्ग नेपाली, बाजे: रनमान थिङ्ग **ख) खिचा कुमारी तामाङ्ग** (ना.प्र.नं.७११०२२९७, मिति २०४०/०१/०८ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको), पति: नरेन्द्र थिङ्ग नेपाली, ससुरा: रनमान थिङ्ग **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सरीता अधिकारी** (ना.प्र.नं.९२७३३ (गोरखा), मिति २०५९/०५/२० मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : नविन कुमार लामा (तामाङ्ग), ससुरा : नरेन्द्र थिङ्ग नेपाली **२. नरेन्द्र थिङ्ग नेपाली** (ना.प्र.नं.२५६६०५७०, मिति २०३३/०४/०३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), बाबु: रनमान थिङ्ग, बाजे: बाज विर तामाङ्ग
७.	**ऋणी : ज्योति ब्युटि पार्लर (आवधिक कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर** प्राईभेट फर्म दर्ता नं : ६१९, ठेगाना : कागेश्वरी मनोहरा न.पा. ०९, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. ज्योति के.सी.(कुँवर) -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.४८२९४, मिति २०६६/०६/०६ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : हरि कुँवर, ससुरा : भुपेन्द्र बहादुर कुँवर **२. हरि कुँवर -जमानीकर्ता** (ना.प्र.नं.६४१/०३५, मिति २०५०/०३/३१ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु: भुपेन्द्र बहादुर कुँवर, बाजे: रत्न बहादुर कुँवर		
९.	**ऋणी : गणेशाय कृषि सप्लायर्स (आवधिक कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** प्रा.फ.र.नं : ३-३५-३८२-१५९६११/२०७७/७८, ठेगाना : का.म.न.पा. ११, काठमाडौं **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मनु अधिकारी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.१६३८७, मिति २०५९/१०/०८ मा जि.प्र.का. झापाबाट जारी भएको), पति: नबिन्द्र तण्डुकार, ससुरा: शिव तण्डुकार **२. नविन्द्र तण्डुकार -जमानीकर्ता** (ना.प्र.नं. ९२०७/२३६४५, मिति २०५५/११/१० मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : शिव तण्डुकार, बाजे : मोहन लाल तण्डुकार		

नेपालमा एआई क्रान्तिको सपना

एआई विकासलाई प्रभावकारी बनाउन गुणस्तरीय डेटा पूर्वाधार आवश्यक भए पनि नेपालले सुरक्षित डेटा सेन्टर निर्माणलाई प्राथमिकता दिएकै छैन



● समुन्द्र कार्की

अग्रलेख

प्रविधिको दुनियाँमा नेपालले एक महत्त्वपूर्ण कदम चालेको छ। सरकारले हालै राष्ट्रिय एआई नीति २०८१ (२०२४) सार्वजनिक गरेको छ, जसले देशभर कृत्रिम बुद्धिमत्ता (एआई) को सम्भावना उजागर गर्ने लक्ष्य लिएको छ। तर, यो नीति पर्याप्त र स्पष्ट छ त ? यसको कार्यान्वयन कसरी हुन्छ ? के नेपालले विश्वव्यापी प्रविधि दौडमा आफूलाई स्थापित गर्न सक्छ ?

ठुलो लगानी, विश्वव्यापी बुद्धिजीवीको सहभागिता र सामान्य कृत्रिम बुद्धिमत्ता निर्माणको सपनाले एआई प्रविधिमा मात्र एक साताको समयमै ठुलो परिवर्तन ल्याउन सक्छ। नेपालले राष्ट्रिय एआई नीति २०८१ ल्याउनुभन्दा एक महिनाअघि आएको 'डिपसिक-आर १' नामक एआई मोडल सार्वजनिक भएको छ, जसले एआई दुनियाँमा ठुलो हलचल मच्चाइसकेको छ। यो मोडल केही नवीन ट्रेनिङ विधि अपनाएर ५६ मिलियन अमेरिकी डलरको लागतमा तयार गरिएको हो, जुन अमेरिकी कम्पनी 'ओपन एआई'को 'च्याट जिपिटी-४.०' भन्दा निकै सस्तो छ र क्षमताको हिसाबले तुलनीय छ। यी सबै परिप्रेक्ष्यलाई हेर्दा प्रविधिगत नवीनता र एआईप्रति विश्वव्यापी चासो तीव्र गतिमा बढिरहेको छ। तपाईंले यो लेख पढ्दापढ्दै नै कुनै नयाँ 'फाउन्डेसन मोडल' वा एआई सार्वजनिक भइसकेको हुन सक्छ, जसले अहिले चल्तीमा रहेका मोडललाई अप्रासंगिक बनाइदिन सक्छ। म यो लेखमा एआई विकासका तीन आधारशिलामा नेपालको परिस्थितिबारे खुलेर चर्चा गर्छु। त्योसहित नेपालले ध्यान केन्द्रित गर्न सक्ने विशेष स्थानबारे पनि चर्चा गर्छु।

एआई विकासका तीन मुख्य आधारशिला

१. **विशाल कम्प्युटेसनल शक्ति** : शक्तिशाली जिपियु (ग्राफिक्स प्रोसेसिङ युनिट्स) वा टिपियु (टेन्सर प्रोसेसिङ युनिट्स) मा आधारित ट्रेनिङ क्षमता।

२. **विशाल डेटा सेट** : उच्च गुणस्तरीय र ठुलो परिमाणको डेटा उपलब्धता।


३. **प्रगतिशील ट्रेनिङ विधिहरू** : नयाँ एल्गोरिदम तथा आर्किटेक्चर सुधार।

कुनै पनि देश एआई शक्ति राष्ट्र बन्न चाहन्छ भने उसले अधिकतम डेटा संकलन गर्न सक्नुपर्छ र ठुलो परिमाणमा ट्रेनिङ गर्न सक्ने जिपियु व्यवस्थापन गर्नुपर्छ। यही कारण अमेरिकाले चीनलाई उच्चस्तरीय जिपियु निर्यातमा रोक लगाएको छ, ताकि चीनको एआई विकासलाई सीमित राख्न सकियोस्।

नेपालको अवस्था : नेपाल जिपियु शक्तिराष्ट्र बन्ने अवस्थामा छैन, तर आफ्नै आवश्यकताअनुसारका मोडल निर्माण र फाइन-ट्युनिङ गर्न आवश्यक जिपियु पूर्वाधारको स्थिति कस्तो छ ? नेपालले एआई क्षेत्रमा कति लगानी गर्न सक्छ भन्ने यकिन तथ्यांक उपलब्ध छैन। पुल्चोक इन्जिनियरिङ क्याम्पसजस्ता प्रमुख अनुसन्धान संस्थानमा ठुलो जिपियु क्लस्टर छ भन्ने कुनै जानकारी छैन। नीति-निर्माताहरूले जिपियुमा लगानी गर्ने र यसलाई प्राप्त गर्न आवश्यक विदेशी समन्वयको थालनी गर्न जरुरी छ। गणनात्मक क्षमताका लागि आवश्यक सुपर-कम्प्युटर क्लस्टर निर्माण गर्न, नेपालले राष्ट्रिय सुपर-कम्प्युटिङ क्लस्टर स्थापना गर्ने प्रयासमा अगाडि बढ्नु अत्यन्त महत्त्वपूर्ण छ। तर, यो नीतिले यस्ता विषयमा ठोस भएर बोलेको देखिँदैन।

डेटा सुरक्षा र एआई : एआई प्रविधिसँग प्रत्यक्ष रूपमा जोडिने अर्को महत्त्वपूर्ण पक्ष डेटा हो। आधुनिक एआई मोडेलहरू अत्यधिक मात्रामा डेटा प्रयोग गरेर लामो समयसम्म प्रशिक्षण गरिन्छन्। यस्तो प्रशिक्षणपछि मात्र यी मोडेलहरूले उच्चस्तरको सामान्यीकरण गर्ने क्षमता विकास गर्न सक्छन्। विश्वभरका ठुला कम्पनीहरू, जस्तै- ओपन एआई, हाल अवैध रूपमा संकलित डेटा प्रयोग गरेको आरोपमा अमेरिकी अदालतमा कानुनी कारबाहीको सामना गरिरहेका छन्। हामी दैनिक रूपमा प्रयोग गर्ने युट्युब सिफारिस प्रणालीदेखि लिएर फेसबुकमा देखिने विज्ञापनसम्म सबै डेटा-आधारित एल्गोरिदमद्वारा निर्देशित हुन्छन्।

नेपालमा डेटा संकलन, भण्डारण र सुरक्षासम्बन्धी व्यवस्था अत्यन्तै कमजोर छ। नेपालले अझैसम्म सुरक्षित डेटा सेन्टरहरू निर्माण गर्न प्राथमिकता दिएको छैन। नेपालमा एआई विकासलाई प्रभावकारी बनाउन



नवीनतम अल्गोरिदम निर्माण गर्ने अवस्थामा नेपाल अहिले पुगिसकेको छैन, कागजी रूपमा कसैले केही सोचे पनि डेटा र कम्प्युटिङको अभावमा ठुलो 'फाउन्डेसनल मोडल ट्रेन' गर्न गाह्रो छ

सरकारले ल्याएको राष्ट्रिय एआई नीति २०८१ एक सकारात्मक कदम भए पनि यसले नेपालको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने र कार्यान्वयनको स्पष्ट मार्ग प्रदान गर्ने सुनिश्चितता दिन सकेको छैन

गुणस्तरीय डेटा पूर्वाधार आवश्यक छ, तर हालको अवस्था निकै चिन्ताजनक छ। डेटा संकलन र भण्डारण गर्ने उचित संरचना छैन। डेटा सुरक्षासम्बन्धी नीति अस्पष्ट छ। अनुसन्धानकर्ताका लागि खुला डेटा प्लाटफर्मको अभाव छ।

नेपाल एआई नीति २०८१ लाई प्रभावकारी बनाउन चाहन्छ भने, डेटा सुरक्षा, भण्डारण र उपयोगमा ठुलो सुधार आवश्यक छ। सरकारले राष्ट्रिय डेटा रणनीति निर्माण गर्दै सुरक्षित डेटा केन्द्रहरू स्थापना गर्नुपर्छ। साथै, अनुसन्धानकर्ताहरू र स्थानीय प्रविधि कम्पनीहरूलाई आवश्यक डेटा उपलब्ध गराउने खुला डेटा प्लेटफार्महरू विकास गर्न प्राथमिकता दिनु आवश्यक छ।

एल्गोरिदम र नवीनता : च्याट जिपिटी निर्माणको निंव गुगलबाटै आएको हो, कुनै विश्वविद्यालयको ल्याबबाट होइन। त्यसैले पनि नवीनतम अल्गोरिदम निर्माण गर्ने अवस्थामा नेपाल अहिले पुगिसकेको छैन, कागजी रूपमा कसैले केही सोचे पनि उल्लिखित डेटा र कम्प्युटिङको अभावमा कुनै पनि ठुलो फाउन्डेसनल मोडल ट्रेन गर्न नेपालसहित अधिकांश देशका लागि निकै नै गाह्रो छ।

यस्तो परिस्थितिमा हामीले एआईलाई नेपालको अवस्थामा प्रयोगात्मक दृष्टिकोणले हेर्नुपर्छ। तीन भागमा नेपालले एआईको विकासलाई हेर्न आवश्यक छ, अनुसन्धान, प्रयोग क्षेत्र/उद्यमशीलता प्रयास र आउटसोर्सिङ। यी तीनै पक्ष आवश्यक छन् र एक-अर्कासँग अन्तर-सम्बन्धित भएकाले ठोस रूपले छुट्याउन सकिँदैन। तर, तीनवटै विषयबारे गहन अध्ययन गर्न भने आवश्यक छ।

अनुसन्धान र एआई : विभिन्न प्रयोग क्षेत्रहरूमा एआईको प्रयोगसम्बन्धी अध्ययन भइरहेको छ। कृषि, मेडिकल, सिँचाइ, पूर्वाधार निर्माण, बजारभाउ नियमन यी सबै क्षेत्रमा एआईलाई नेपालको स्तरमा कसरी प्रयोग गर्ने भनेर अध्ययन गर्न आवश्यक छ। उदाहरणका लागि कृषिका हिसाबले नेपालमा खेती गरिने बिरुवामा तस्बिरका आधारमा के पोषक तत्त्वको कमी छ भनेर पत्ता लगाई सुझाब दिने एआई निकै उपयोगी हुन सक्छ। यस प्रकारका नेपाली प्रकृतिकै समस्या समाधानका निमित्त अनुसन्धान र नेपाल सरकारले यसमा युजिसी या अन्य कुनै संस्था निर्माण गरी लगानी र विकासमा जोड दिन निकै जरुरी छ। योसँगसँगै विश्वविद्यालयले सकिने ठाउँमा एआई करिकुलम थपेर विभिन्न विषयका विद्यार्थीलाई समेत एआईसम्बन्धी जानकारी दिने पहल आवश्यक देखिन्छ।

प्रयोग क्षेत्र र एआई : कुनै पनि अनुसन्धान कागजी रूपमा टुंगिन्छ भने त्यसले समाजलाई केही फाइदा दिँदैन। नेपालमा भएको एआई अनुसन्धानलाई बजारसम्म पुऱ्याउन सहयोग गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यान आवश्यक छ। यसका लागि सहज कम्पनी दर्ता प्रक्रिया निर्माण, स्टार्टअप फन्डिङमा सहयोग ('हाम्रा'ले भन्दा 'राम्रा'ले पाउने अवस्था) र सजिलो वैदेशिक लगानीको वातावरण निर्माण गर्न आवश्यक छ। बजारले नस्विकारेको कापी/गफमा सीमित रहेका आइडियाभन्दा एक-दुईजनालाई भए पनि रोजगारी दिने प्रयास नेपालका लागि निकै महत्त्वपूर्ण हुन्छ। नेपाल सरकारले यससम्बन्धी निर्णय र लगानी गर्नु र यसतर्फ युवालाई प्रेरित गर्नु आवश्यक छ।

आउटसोर्सिङ र एआई : केहीअघि गगन थापाले भनेजस्तै ल्यापटप बोकेका आधारमा लाखौँ कमाउन र भित्र्याउन पक्कै सकिन्छ। त्यसका लागि हामीले यस्ता सञ्चालक र काम गर्ने युवालाई सहयोग गर्न आवश्यक छ। नेपालको एआई प्रतिभालाई विश्वसामु सहजै पुऱ्याउने जिम्मा नेपाल सरकारको पनि हो। ट्याक्स कट, पैसा हेन्डलिङको सहजता, सामाजिक सुरक्षाजस्ता पक्ष यसमा महत्त्वपूर्ण हुन्छन्।

राष्ट्रिय एआई नीति २०८१ एक सकारात्मक कदम हो, तर यसले नेपालको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने र कार्यान्वयनको स्पष्ट मार्ग प्रदान गर्ने सुनिश्चितता दिन सकेको छैन। नेपाल प्रायः कार्यान्वयनको पक्षमा कमजोर देखिन्छ, त्यसैले यो नीति सफल बनाउन स्पष्ट रणनीति र दीर्घकालीन प्रतिबद्धता जरुरी छ। नेपालको आर्थिक र प्राविधिक परिस्थितिलाई ध्यानमा राख्दै हामीले एआई विकासमा आफ्नो विशेष स्थान पहिचान गर्नुपर्छ। नीति-निर्माण मात्र होइन, फ्युज मेसिनजस्ता एआई कम्पनी र प्रमुख शैक्षिक संस्थानको अनुभवलाई समेट्दै, व्यावहारिक कार्यान्वयनमा सरकारको ध्यान केन्द्रित हुनुपर्छ। यस नीतिले नेपाली युवालाई विश्वव्यापी एआई बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने वातावरण निर्माण गर्नुपर्छ। नेपाल सरकारको यो तदारुकताका लागि धन्यवाद छ। तर, अब यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नेतर्फ ठोस कदम चाल्नुपर्छ।

(कार्की अमेरिकाको लोवा स्टेट युनिभर्सिटीका

---

३ प्रश्न

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक **सुमन दाहाल**लाई



सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी मापदण्ड तय गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई 'ग्रे' सूचीमा राखेको छ। यो भनेको के हो ?

'ग्रे लिस्ट'मा पर्नु भनेको एफएटिएफले कुनै पनि मुलुकलाई सुध्रन दिएको अवसर हो। यसले विशेषगरी वित्तीय अनुशासन र वित्तीय कारोबारको पारदर्शितालाई बढी जोड दिन्छ। यसमै केन्द्रित भएर 'म्युचुअल इभ्यालुएसन' हुन्छ, प्रतिवेदन आउँछ र सुधारका लागि कार्ययोजना बनाइन्छ।

सरकार 'ग्रे लिस्ट'बाट बाहिरिनका लागि के योजना बनाउँदै छ ?

नेपाल सरकारले पाँचवर्षे रणनीतिक कार्ययोजना स्वीकृत गरेर यसअघि नै कामको सुरुवात गरिसकेको छ। एफएटिएफले औंल्याएका सुधारका विषयको सम्बोधन गर्न यही रणनीतिक कार्ययोजना पर्याप्त छ। कार्ययोजनालाई थप विशिष्टीकृत गर्नुपर्ने र प्राथमिकता दिनुपर्ने भएर छुट्टै कार्ययोजना बनाउन खोजिएको छ।

हाम्रो वित्तीय कारोबारमा देखिएका जोखिमको पहिचान गरेर त्यसलाई निवारण गर्ने पहिलो प्राथमिकता हुनेछ। त्यसपछि सरोकारवालालाई जोखिमको जानकारी र सचेतना गराउने काम हुन्छ। उच्च जोखिममा रहेका विषयलाई बढी जोड दिइन्छ। थोरै काम गरेर अधिकतम परिणाम ल्याउन पनि यो विधि उपयोगी हुन्छ। हाम्रो कामकारबाहीलाई थप सुदृढीकरण गर्नुपर्ने अर्को विषय हो।

अहिलेको प्रवृत्तिबाटै ग्रे लिस्टबाट बाहिरिन सम्भव छ ? दोषीलाई कारबाही गर्न किन सकिएको छैन ?

अहिलेको कामकारबाहीले परिणाम ल्याउन सकेन भन्ने नै हो। गलत गर्नेलाई सोहीअनुसार सजाय हुनुपर्छ भन्ने हो। अर्को भनेको सजाय निरुत्साहनमुखी हुनुपर्छ। एकपटक गल्ती गर्नेलाई सजाय दिएपछि गल्ती दोहोऱ्याउन नसक्ने गरी निरुत्साहन गर्नुपर्छ भन्ने हो। अर्को भनेको गरेको काम देखिने किसिमको हुनुपर्छ भन्ने हो। अनुगमन, नियमन र अनुसन्धान गर्ने निकायका कर्मचारी दक्ष हुनुपर्छ भन्ने हो।

प्रेरक प्रसंग

कुसंस्कारले भरिएको दिमाग

एकपटक सन्त रामदास भिक्षा माग्दै एक घरको मूल ढोकाअगाडि पुगे र भिक्षाका लागि आवाज दिए। ढोकाबाट एक महिला बाहिर निस्किइन्। उनले सन्तको झोलीमा भिक्षा खन्याइसकेपछि भनिन्- सन्त महाराज, मलाई कुनै उपदेश दिनुहोस्। उपदेशामृत पान गरेर तृप्त हुन चाहन्छु। सन्तले भने- आज होइन, म भोलि तिमीलाई उपदेश दिनेछु।



भोलिपल्ट उनै सन्तले सोही घरमा पुगेर पुनः भिक्षाका लागि आवाज दिए। तिनै महिला हातमा मगमग बास्ना आइरहेको खिरको कचौरा लिएर बाहिर आइन्। सन्तले आफ्नो कमण्डलु अघि सारे। कमण्डलुमा खिर खन्याउनै लाग्दा महिला अचानक रोकिइन्। किनकि, कमण्डलुमा गोबर थियो। उनले भनिन्- सन्त महाराज, कमण्डलुमा त गोबर रहेछ। ल्याउनुहोस् म माझेर ल्याउँछु अनि खिर हालौंला। सन्तले भने- केही छैन, गोबर भए पनि खिर यहीं खन्याइदेऊ। महिलाले भनिन्- होइन महाराज, यो कमण्डलु सफा नगरी यहाँ खिर हालियो भने त्यो खानयोग्य रहँदैन। त्यसैले, म पहिले यो कमण्डलु सफा गरेर शुद्ध बनाउँछु अनि मात्र खिर हाल्छु। महिलाको कुरा सुनेपछि सन्तले प्रश्न गरे- भनेपछि यो कमण्डलु सफा नगरी तिमी यसमा खिर हाल्दिनौ ? महिलाले जवाफ दिइन्- हजुर महाराज !

महिलाको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै सन्तले भने- हो, तिमीलाई मेरो उपदेश यही हो। जबसम्म चिन्ता, ईर्ष्या, लोभ तथा घमण्डरूपी गोबर र कुसंस्कारले दिमाग भरिभराउ भइरहन्छ, तबसम्म उपदेशको कुनै लाभ हुँदैन। यदि उपदेशामृत पान गर्ने हो भने पहिले आफ्नो मन शुद्ध बनाउनु जरुरी छ। यसका लागि चिन्ता, ईर्ष्या, लोभ तथा घमण्डरूपी गोबर र कुसंस्कारको त्याग गर्न सक्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देख्नेलाई लाज हुने काम

नेकपा एमाले काठमाडौं-लमजुङ सम्पर्क मञ्चले यही २४ फागुनमा काठमाडौंको बालाजुस्थित बाइसधाराभित्र वनभोज कार्यक्रम गरेको रहेछ। तर, वनभोज सम्पन्न भइसकेपछि फालिएका प्लास्टिकका प्लेट, कचौरा, गिलास र चिट्ठा खेलाइएका रसिद डस्टबिनमा नराखी यत्रतत्र फालेको र हावाले बाटोभरि र टाढाटाढासम्म पुऱ्याएको देख्दा हामीलाई साह्रै लाज लाग्यो। सत्तामा विकास र समृद्धिको नारा लगाइरहने माउपार्टी एमालेका भ्रातृ संस्थाबाट यस्तो लाजमर्दो काम भएको देख्दा सारै दुःख लाग्यो। आफूले गरेको फोहोर आफैंले सफा गर्नुपर्छ भन्नेसमेत नजान्नेले के राजनीति गर्नु ? यिनले देश बनाउलान् भनेर के आशा गर्नु ?

● **कुवेरलाल श्रेष्ठ**, बालाजु
kuberstha97@gmail.com

मधेश सरकारले ठिक गर्दै छ

मधेश सरकारले मधेशमा छ्यापछ्याप्ती खुलेका अवैध अस्पताल बन्द गराउने जुन अभियान अघि बढाइरहेको छ, त्यो बिल्कुलै ठिक छ। उसले त्यस्ता अस्पतालमध्ये अधिकांशलाई बन्द गराउने र चलाउन सकिने अवस्थाको पूर्वाधार भएका स्वास्थ्य संस्थालाई चाहिँ कानुनी रूपमा दर्ता गरेर चलाउने व्यवस्थासमेत गरेको समाचारमा पढियो। यस्तो अवैध संस्थाले बिरामीको जीवनमा खेलबाड गर्न सक्ने, ज्यानै लिन सक्ने अवस्थासमेत भएकाले यसमा कडाइसाथ नियमन हुनु स्वागतयोग्य छ।

● **गौरव महतो**
जनकपुरधाम, धनुषा

आविष्कार केन्द्रलाई काम देऊ

वैज्ञानिक महावीर पुनको नेतृत्वमा रहेको राष्ट्रिय आविष्कार केन्द्रले सरकारी अस्पतालमा बिग्रिएका महँगा स्वास्थ्य उपकरण निकै कम खर्चमा मर्मत गरिदिएको समाचार पढियो। साथमा कतिपय अस्पताल र सरकार स्वयंले समेत थप उपकरण मर्मतसम्भारमा चासो नदिएको पनि सुनियो। पुरानो बिग्रिएको उपकरण थन्क्याएर नयाँ खरिद गर्दा मोटो रकम कमिसन आउने भएकाले यस्तो गरिएको हो ? होइन भने बिग्रिएका सम्पूर्ण उपकरण मर्मत गर्ने जिम्मा आविष्कार केन्द्रलाई देऊ।

● **मंगल राई**
कीर्तिपुर, काठमाडौं

दलका नेताहरू सच्चिनुपर्दैन ?

यतिखेर दलका नेता राजावादीको शक्ति प्रदर्शन देखेर दौडादौड गरी भेटघाट र 'दर्शनभेट' गरिरहेका छन्। तर, उनीहरूले राजावादीले कसरी यो शक्ति आर्जन गरे, त्यसको कारणबारे भने कुनै खोजीनिती गरेका छैनन्। उनीहरू अहिले पनि आफूलाई छोटे राजा बनाउन पाउँदा नै मक्ख देखिन्छन्। तर, जनता छोटे राजा होइन, आफूमाझबाट उठेको शासक देख्न चाहन्छन्। दैनिक जीवनमा देखिने गरी परिवर्तन भएको देख्न चाहन्छन्। देशबाट भ्रष्टाचार अन्त्य भएको हेर्न चाहन्छन्। नेताहरू गफमा होइन, काममा रमाएको देख्न चाहन्छन्। तर, यो सब जनताका लागि सपना बनिरहेको छ। त्यसैले, जनता वाक्कदिक्क भएका छन्, दलका नेताबाट आक्रोशित छन्।

अब समयमै दलका नेतृत्व नसच्चिने हो भने उनीहरूका लागि आउने दिन सहज नहुने पक्का छ। हामी जनतालाई त सत्तामा जोसुकै भए पनि हुने उही रहेछ। हिजो पनि हामीले पाएको काम खोजेर गरिरहेकै थियौं र आज पनि गरिरहेकै छौं। तर, यसले सबैभन्दा ठुलो असर गर्ने नेताहरूलाई नै हो। अब पनि उनीहरू सुधिएनन् र म नै राज्य हुँ भन्ने शैली त्यागेनन् भने यिनको सर्वनाश निश्चित छ। अब दलका नेताले सबैभन्दा पहिले आफ्नो दलभित्र नयाँ र जनताले विश्वास गर्न सक्ने उमेर, विचार र ऊर्जाले युवा अनुहारलाई नेतृत्वमा ल्याउनुपर्छ। साथै, अहिले पहिलो तहमा रहेका नेतृत्वले तत्काल बिदा लिनुपर्छ। राज्यसत्तादेखि सबैतिर यसैगरी सुधारको पहल गर्ने हो भने आगामी दिनमा जनताको असन्तुष्टि मत्थर हुँदै जानेछ।

● **अमृता बॉस्कोटा**, इमाडोल, ललितपुर

लोकप्रियतावादमा अल्पसंख्यक कसरी जोगिने ?

लोकप्रियतावादी नेता अल्पसंख्यक अधिकारलाई शून्य योगफलको खेलको रूपमा चित्रित गर्छन्, तर यो सत्य होइन



देश / विदेश

● भाष्कर मालु

लोकप्रियतावादी नेताहरूले विश्वभर आफूलाई 'शुद्ध' र 'पवित्र' जनताको प्रतिनिधि भन्दै अभिजात वर्ग, संस्था र अल्पसंख्यक समुदायविरुद्ध आवाज उठाउँदै लोकप्रियता हासिल गरेका छन्। डोनाल्ड ट्रम्प र नरेन्द्र मोदीजस्ता नेताले धर्म, जाति, जातीयता वा लैंगिक तथा यौनिक अल्पसंख्यकलाई राष्ट्रिय र सांस्कृतिक पहिचानका लागि खतरा रूपमा प्रस्तुत गरिरहेका छन्। तिनले अल्पसंख्यकले परम्परा नष्ट गर्ने वा बहुसंख्यकलाई विस्थापित गर्न सक्ने चेतावनी दिँदै बेतुके भयका माध्यमबाट तत्काल केही कदम चालिहाल्नुपर्ने भावना सिर्जना गरिरहेका छन्।

उदाहरणका लागि, यदि हिन्दु जागरुक नभए भारतमा मुसलमान बहुसंख्यक भएर हिन्दुलाई उत्पीडन गर्नेछन् भन्ने भारतीय जनता पार्टी (भाजपा)को दाबी छ। यो भय सिर्जना गर्ने दाबीलाई तथ्यांकशास्त्रीय हिसाबले हेर्दा निराधार छ, किनभने भारतमा मुसलमानको जनसंख्या १५ प्रतिशत मात्र छ भने हिन्दु ७५ प्रतिशत छ। यो प्रवृत्ति भारतमा मात्र सीमित छैन। यस्तो 'अन्यकरण'ले विभेदलाई प्रोत्साहन गर्छ र नेतालाई राज्यका आफ्नो उदारवाद-विरोधी दृष्टिकोणअनुसार सञ्चालन गर्न सघाउँछ। यस्तो वातावरणमा प्रश्न उठ्छ, 'अल्पसंख्यकले आफ्नो अधिकारको रक्षा कसरी र गर्ने ?'

अल्पसंख्यक समुदाय के गर्न सक्छन् ? : सामाजिक मनोविज्ञानको अल्पसंख्यक प्रभाव सिद्धान्तले अल्पसंख्यक समूहले कसरी समाजका भाष्य र सार्वजनिक नीति परिवर्तन गर्न सक्छन् भन्ने महत्त्वपूर्ण जानकारी दिन्छ। लोकप्रियतावादले मानिसलाई आफ्नो सामाजिक जीवनमा मार्गनिर्देशन गर्न मद्दत गर्ने 'आफ्नो समूह' र 'अन्य समूह'मा वर्गीकरण गर्ने मानव प्रवृत्तिको फाइदा उठाउँछ। यस्ता वर्गीकरण लचिला हुन्छन्, किनभने व्यक्तिसँग लिंग, जाति, धर्मजस्ता धेरै पहिचान हुन्छन्। तर, लोकप्रियतावादी नेताले यी पहिचानलाई कठोर बनाउँदै भय र शत्रुताको भाष्य प्रयोग गरेर अन्य समूहप्रति अविश्वास र घृणा बढाउँछन्।

सामञ्जस्यता : के अल्पसंख्यक लोकप्रियतावादमा वास्तवमै शक्तिहीन छन् ? सामाजिक मनोविज्ञानका विभिन्न अध्ययनले छैनन् भन्ने देखाएका छन्। सर्ज मोस्कोभिसीको अल्पसंख्यक प्रभाव सिद्धान्तअनुसार अल्पसंख्यकले बहुसंख्यकलाई निरन्तरता, आत्मविश्वास र स्पष्ट दृष्टिकोणका माध्यमबाट प्रभाव पार्न सक्छन्। यो प्रभाव तब थप बलियो हुन्छ, जब अल्पसंख्यकले आफ्ना मूल सिद्धान्तलाई कायम राख्छन्, तर संवाद र लचकताप्रति भने खुला रहन्छन्। आधुनिक लोकप्रियतावादको सामना गर्नका लागि अल्पसंख्यकलाई एकीकृत सन्देश आवश्यक छ। विभाजनले अल्पसंख्यकको प्रभावलाई कम गर्छ, जबकि एकताले यिनको आवाजलाई बलियो बनाउँछ। उदाहरणका लागि, विश्वभरका लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका आन्दोलनले अन्तरसम्बद्धता (इन्टरसेक्सनालिटी) लाई आत्मसात् गर्दै जाति, लिंग र यौन पहिचानमा आधारित संघर्षको परस्पर सम्बन्धलाई स्वीकार गरेका छन्। यस्तो समावेशिताले आन्दोलनको सन्देशलाई बलियो बनाउँछ, जसले वर्चस्वशाली समुदायभित्रका सहयोगी र बृहत् जनतालाई आन्दोलनमा थप आकर्षित गर्छ।

निरन्तरता : अल्पसंख्यक सामञ्जस्यताका लागि निरन्तरता अत्यन्त महत्त्वपूर्ण छ। मोस्कोभिसीको अनुसन्धानअनुसार अल्पसंख्यक समूहले आफ्नो अडानलाई लामो समयसम्म कायम राख्दा तिनलाई बेवास्ता गर्न कठिन हुन्छ। अमेरिकी नागरिक अधिकार आन्दोलनले यसलाई प्रमाणित गरेको थियो, जहाँ निरन्तर र नैतिक रूपमा स्पष्ट सन्देश प्रयोग गरेर पूर्वाग्रही सामाजिक मान्यतालाई चुनौती दिइएको थियो र हिंसात्मक दमनका बाबजुद पनि आफ्नो अडान कायमै राखेको थियो। भारतीय स्वतन्त्रता आन्दोलनमै अहिंसात्मक दृष्टिकोणमा कायम रहेका कारण स्वतन्त्रता



चित्र : परिप्लव चक्रवर्ती

आन्दोलनले नैतिक रूपमा उच्च स्थान हासिल गरेको थियो, जसले बहुसंख्यकलाई सामाजिक परिवर्तन स्वीकार गर्न बाध्य बनाएको थियो।

अर्थपूर्ण संवादलाई प्रोत्साहन : लोकप्रियतावादी विभाजनको सामना गर्न र अल्पसंख्यकले आफ्नो संघर्ष कायम राख्न सार्थक अन्तर्क्रिया आवश्यक छन्। लोकप्रियतावादी नेता प्रायः 'हामी र उनीहरू'को भाष्य प्रयोग गरेर आफूइतरका समूहलाई अमानवीय बनाउँछन्, जसले अल्पसंख्यकप्रति आक्रामक हुन सहजता प्रदान गर्छ। र, यसले लोकप्रियतावादी भाष्यलाई सशक्त बनाउँछ। यसको विरोध गर्नका लागि वास्तविक संवाद अर्थात् अन्तरधार्मिक वार्ता र समुदायमा जानुपर्छ। फ्रान्समा मुसलमान र गैरमुसलमान समुदायलाई एकजुट गर्ने जनस्तरको प्रयासले इस्लामद्वेषी भाष्यको विरोध गरेको छ। लोकप्रियतावादी नेताले अल्पसंख्यक अधिकारलाई शून्य योगफलको खेलको रूपमा चित्रित गर्छन्, तर यो सत्य होइन। बरु यो एक विकसित समाजको चिह्न हो, जसले सार्वभौमिक मूल्यमा ध्यान केन्द्रित गर्छ। उदाहरणका लागि लैंगिक तथा यौनिक अल्पसंख्यक समूको विवाह, समानता प्रेम र परिवारका मुद्दालाई सम्बोधन गरिएको छ। बहुसंख्यकलाई प्रभावित गर्नु महत्त्वपूर्ण छ, तर यसले मात्र काम गर्दैन। ठुलो स्तरमा बहुसंख्यकलाई प्रभावित गर्न समय लाग्छ र यस क्रममा अल्पसंख्यक समूहहरूले धैर्य प्रदर्शन गर्नुपर्छ। प्रायः साझा इतिहास, संस्कृति र उद्देश्यले अल्पसंख्यक समुदायलाई लोकप्रियतावादी शत्रुताको सामना गर्न सशक्त बनाउँछ। बलियो सामूहिक पहिचान लोकप्रियतावादी विभाजनको प्रतिकार गर्न आवश्यक छ। यसबाहेक अल्पसंख्यक पर्दापछाडि मात्रै समेटिनुहुँदैन र यिनले राजनीतिक प्रक्रियामा सक्रिय रूपमा भाग लिनुपर्छ, ताकि उनीहरूको प्रतिनिधित्व सुनिश्चित होस्। र, भारतमा दलित आन्दोलन यो उपलब्धिका लागि संघर्षरत छ।

बहुसंख्यक सदस्यसँग सहकार्य गर्नु अल्पसंख्यक समुदायका लागि अत्यन्त महत्त्वपूर्ण छ। उद्देश्य भनेको बहुसंख्यकको विचार परिवर्तन गर्नु होइन, बरु समावेशितातर्फको साझा उद्देश्यमा सहकार्य गर्नु हो। उदाहरणका लागि, दक्षिण अफ्रिकामा श्वेत सहयोगीले रंगभेदको विरोध गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए। लोकप्रियतावादले चुनौती प्रस्तुत गरे पनि यसले परिवर्तनको अवसर पनि प्रदान गर्न सक्छ। एकता, संवाद र निरन्तर पैरवीका माध्यमले अल्पसंख्यक समुदायले विश्वलाई पुनः परिभाषित गर्न सक्छन्।

(मालु जिन्दल इन्स्टिट्युट अफ बिहेभियरल साइन्सका सह-प्राध्यापक हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मार्क कार्नी ट्रुडोका उत्तराधिकारी

ओटावा/ क्यानडाको लिबरल पार्टीले मार्क कार्नीलाई दलको नेतामा निर्वाचित गरेको छ। सोमबार सत्तारुढ दलको नेतामा निर्वाचित भएसँगै कार्नीले प्रधानमन्त्री ट्रुडोको उत्तराधिकारीका रूपमा सरकारको पनि नेतृत्व गर्नेछन्। कार्नीले आफ्ना मुख्य प्रतिद्वन्द्वी ट्रुडोका पूर्वउपप्रधानमन्त्री क्रिस्टिया फ्रिल्यान्डलाई पराजित गरेका छन्। करिब एक लाख ५२ हजार मत खसेकोमा कार्नीले ८५.९ प्रतिशत प्राप्त गरे। फ्रिल्यान्डले आठ प्रतिशत मात्र भोट पाइन्। केन्द्रीय बैंकका पूर्वगभर्नर कार्नीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वले क्यानडामाथि 'अँध्यारा दिन' को सुरुवात गरेको आरोप लगाउँदै आएका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) र ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति रोक्का फुकुवा सम्बन्धमा सम्मानित सुर्खेत जिल्ला अदालतबाट मिति २०८०/०१/२९ र २०८०/१२/०२ मा आदेश हुँदा ...*"निवेदनमा उल्लेख गरेको कि.नं.हरु बैंक बाट कर्जा प्रवाह गर्दा पहिलो रोक्का राखिएको देखिएमा बैंकको रोक्काले पहिलो प्राथमिकता पाउने नै देखिन्छ। साथै निवेदकले फुकुवा गरी पाउँ भनी निवेदनमा उल्लेखित कित्ताहरुका सम्बन्धमा बैंकबाट पहिलो रोक्का रहेको भए उक्त कि.नं. का जग्गाहरु कुनै व्यक्ति वा बैंकका नाममा लिलाम सकार हुने गरी निर्णय भै सकेको अवस्था नहुँदा पछी लिलाम सकार भएका बखत वा बैंकका नाउँमा सकार गर्ने निर्णय भै फुकुवाको लागि निवेदन परेका बखत कानून बमोजिम हुने..."* भन्ने आदेश सम्मानित उच्च अदालत सुर्खेतबाट मिति २०८१/०४/१७ मा सदर हुने गरी भएको आदेश समेतको परिप्रेक्ष्यमा तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: सिद्धि ट्रेडिङ** **साझेदार/जमानीकर्ता: नरेश सिंह/प्रकाश उप्रेती** दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा सा.फ.र.नं. ३६/०७२/०७३, दर्ता मिति: २०७२/१०/१४, ठेगाना: जिल्ला सुर्खेत, वीरेन्द्रनगर न.पा. वडा नं. १७

जमानीकर्ताहरु: १) प्रकाश उप्रेती २) नरेश सिंह ३) अर्चना उप्रेती ४) चन्द्रा गिरी

धितोको विवरण

१) दशरथ सिंहको नाती, राम प्रताप सिंहको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. २ बस्ने नरेश सिंहको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाडा गा.वि.स. वडा नं. ६ (हाल वीरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८२८, ८३५ र ८३१ को क्षेत्रफल कमश: ०-०-६[१/४], ०-०-१५ र ०-०-१५ (विगाह) को घरजग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) शंकर प्रसाद शर्माकी छोरी, पदमराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं. ३/ग (हाल कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. १८६७, १८६६, १८२७ र २९५५ को क्षेत्रफल कमश: ०-०-३, ०-०-२, ०-०-१० र ०-०-४ (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) शंकर प्रसाद शर्माकी छोरी, पद्ममराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय, सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, घाँजरीपिपल गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६९५, ७०२, १०५५ र १७९४ को क्षेत्रफल कमश: ३-११-०-२, ०-१३-२-३, ०-१४-३-३ र ३-०-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका नवनियुक्त अध्यक्ष पृथ्वीबहादुर पाँडेले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। पाँडेले सोमबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसमक्ष शपथ लिएका हुन्। बैंकको गत मंगलबार बसेको सञ्चालक समिति बैठकले पाँडेलाई अध्यक्षमा चयन गरेको थियो। शपथग्रहण कार्यक्रममा गभर्नर अधिकारीसहित डेपुटी गभर्नरद्वय डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रलगायको उपस्थिति थियो।

भायानेटले ल्यायो 'साम्बा प्याक'

काठमाडौं/ इन्टरनेट सेवाप्रदायक भायानेट कम्युनिकेसन लिमिटेडले 'साम्बा प्याक' सार्वजनिक गरेको छ। चर्चित नेपाल महिला राष्ट्रिय फुटबल टोली खेलाडी साम्बाबाट प्रेरित यो इन्टरनेट योजना उच्च गतिको, भरपर्दो र किफायती सेवाका लागि डिजाइन गरिएको कम्पनीको भनाइ छ।

साम्बा प्याकअन्तर्गत ५०, १००, २०० र ३०० एमबिपिएस इन्टरनेट योजना उपलब्ध हुनेछन्। सय वा सोभन्दा माथिको वार्षिक योजनामा ग्राहकले एक महिना इन्टरनेट निःशुल्क प्राप्त गर्नेछन्। कम्पनीका अनुसार सय एमबिपिएसको मूल्य आठ हजार ५०० (करसहित)बाट सुरु हुनेछ।

बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/२७

यस **हरियाली सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ६, सिन्धुली**बाट आ.व. २०७९/०८० मा उत्पादन भई **गोले डाँडा, हरिहरपुरगढी गा.पा. ६, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं. १ को साल** जातको गोलिया थान २५ को ३१९.२३ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ।

श्री हरियाली सा.व.उ.स., हरिहरपुरगढी गा.पा.- ६, सिन्धुली

बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/२७

यस **पवित्रा सा.व.उ.स. मरिण गा.पा. ५, सिन्धुली**बाट आ.व. २०७८/०७९ र २०७९/०८० मा उत्पादन भई **फिटिङ दोभान, मरिण गा.पा. ५, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं. १ को साल** जातको गोलिया थान २९ को ४२२.४८ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ।

श्री पवित्रा सा.व.उ.स., मरिण गा.पा.- ५, सिन्धुली

खानेपानी तथा सरसफाई डिभिजन नं. ५, भक्तपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/११/२७

यस डिभिजन अन्तर्गत खानेपानी योजनाको मिति 06 Feb.2025 मा प्रकाशित बिद्युतिय बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बिद्युतिय बोलपत्रहरु मध्ये तपसीलका बोलपत्र सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

ठेक्का.नं.	वोलपत्रदाताको नाम	कवोल अंक (भ्याट सहित)
Works/NCB/07/081/82/WSSD5/Bhaktapur	Nayara Drilling and Construction Pvt. Ltd.	रु ३१,४४,०२७३२५

डिभिजन प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ३९७, ४२७ र ४०२ को क्षेत्रफल क्रमशः ३-११-१७.५०, ०-७-०-०, ०-६-१५-०, २-१९-१.७५-० र ०-०-१४.५७ (विगाह) को जग्गा ।
२.	बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा ।
३.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (व.मी) को घर जग्गा ।
४.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
५.	मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
६.	सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
७.	बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ०६ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. २०) स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ४२३.२५ (व.मि) को जग्गा ।
८.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा ।
९.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ८क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा ।
१०.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. २ क (हाल देवदह न.पा. वडा नं. २) स्थित कित्ता नं. ८३५, ८३६ र ८३७ को क्षेत्रफल क्रमशः ०-२-१४-०, ०-३-१६.७५-० र ०-२-१२-०(विगाह) को जग्गा ।
११.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ९ क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० विगाहा (१५७४.६१ वर्ग मिटर) को जग्गा ।
१२.	रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. ८ (हाल चन्द्रपुर न.पा वडा नं. ८) स्थित कित्ता नं. १७३७, २९७, ९७३, ९७४, ५८९ र १७३६ को क्षेत्रफल क्रमशः ०-६-०-०, १-४-१०-१०, ०-२-०-०, ०-१४-१०-०, ०-४-०-० र ०-४-०-० (विगाहा) को जग्गा ।
१३.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा ।
१४.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा ।
१५.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा ।
१६.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा ।
१७.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा
१८.	रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा ।
१९.	रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा ।
२०.	रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-०, ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा ।
२१.	कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
२२.	तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा ।
२३.	रौतहट जिल्ला, पथरा बुधराम गा.वि.स. वडा नं. ९ (हाल मौलापुर न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६ को क्षेत्रफल ०-०-१२-० (विगाह) को घरजग्गा ।
२४.	रौतहट जिल्ला, चन्द्रनिगापुर गा.वि.स. वडा नं. १ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा र रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (व.मि.) को जग्गा ।
२५.	तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा ।
२६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफलः २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा ।
२७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा ।
२८.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा ।
२९.	सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
३०.	कास्की जिल्ला, पुरुन्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा ।
३१.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा ।
३२.	कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा ।
३३.	कास्की जिल्ला, पुरुन्चौर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १६२४, १६२५ र १६२६ को क्षेत्रफल क्रमशः ४१३.२७ व.मि., ५०८.७४ व.मि. र ५१२.७२ व.मि. को जग्गा ।
३४.	रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा।
३५.	नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
३६.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा ।
३७.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (व.मी.) को घरजग्गा ।
३८.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा ।
३९.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाह) को जग्गा ।
४०.	नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा ।
४१.	नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा ।
४२.	काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १९८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा ।
४३.	ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
४४.	नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
४५.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा ।
४६.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा ।
४७.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा ।
४८.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९(हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा ।
४९.	सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा ।
५०.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा ।
५१.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा ।
५२.	सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३११४ र ३०५२ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
५३.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
५४.	मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घर जग्गा ।
५५.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
५६.	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ६ (हाल मेलम्ची न.पा. वडा नं. ११) स्थित कित्ता नं. १११६ र १११७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी) को घरजग्गा ।
५७.	रौतहट जिल्ला, राजपुर फरहदवा गा.वि.स. वडा नं. ८/ख (हाल राजपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६७०, ३५७ र १०७० को क्षेत्रफल क्रमशः ०-१-२-८, ०-२-२-८ र ०-१-५ (विगाह) को जग्गा ।
५८.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ अ स्थित कित्ता नं. १२४६ को क्षेत्रफल २०३१.७८ (व.मी) को घर जग्गा ।
५९.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा ।
६०.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ३०९ को क्षेत्रफल १-२-१० (विगाह) को जग्गा ।
६१.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. १/क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. २६८ को क्षेत्रफल ०-१७-४-० (विगाह) को जग्गा ।
६२.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ८/ख (हाल चन्द्रपुर न.पा. वडा नं. ६), स्थित कित्ता नं. ८७६ को क्षेत्रफल ०-९-१८ (विगाह) को जग्गा ।
६३.	रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा ।
६४.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ६ स्थित कित्ता नं. २३ र ४४ को क्षेत्रफल क्रमशः ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
६५.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा ।
६६.	पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
६७.	रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा ।
६८.	बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
६९.	बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
७०.	बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
७१.	रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
७२.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
७३.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
७४.	बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
७५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
७६.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
७७.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
७८.	कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घर जग्गा ।
७९.	बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमशः १-१२-०-० र ४-३-१०-० (विगाह) को जग्गा ।
८०.	कास्की जिल्ला, अर्घो गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
८१.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च (हाल उर्लाबारी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
८२.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा ।
८३.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा ।
८४.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा ।
८५.	बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाहा) को जग्गा ।
८६.	रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा ।
८७.	महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा ।
८८.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २८८३, २००३ र २००८ को क्षेत्रफल क्रमशः ०-२-२-०, ०-१-२-० र ०-६-३-३ (रोपनी) को जग्गा ।
८९.	पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा ।
९०.	पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा ।
९१.	पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमशः ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा ।
९२.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा ।
९३.	भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स. वडा नं. ७/७ ग (हाल सूर्यविनायक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा ।
९४.	सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ३/ख स्थित कित्ता नं. ६१०९ को क्षेत्रफल ४२३.२५ (व.मी.) को घरजग्गा ।
९५.	सुर्खेत जिल्ला गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल विरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७८ को क्षेत्रफल ०-०-१५१/२ (बिगाह) को घरजग्गा ।
९६.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. २) स्थित कित्ता नं.३०८६ र ४२८६ को क्षेत्रफल क्रमशः १-४-१६-० र ०-२-२-० (विगाह)को जग्गा ।
९७.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. २/२ख (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा र झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा ।
९८.	पाँचथर जिल्ला, फिदिम गा.वि.स. वडा नं. ५ग (हाल फिदिम न.पा. वडा नं.४) स्थित कित्ता नं. १५३ को क्षेत्रफल ५-५-२-३ (रोपनी) को जग्गा ।
९९.	बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हालः कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा ।
१००.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हालः कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा ।
१०१.	काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हालः तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
१०२.	मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं.८) स्थित कित्ता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाह) को जग्गा ।
१०३.	तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमशः ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा ।
१०४.	सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा ।
१०५.	बारा जिल्ला, तेलकुंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाह) को जग्गा ।
१०६.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा ।
१०७.	रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा ।
१०८.	धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ स्थित कित्ता नं. २३५१ को क्षेत्रफल ८८४.२७ (व.मि) को घरजग्गा ।
१०९.	ललितपुर जिल्ला, चापागाँउ न.पा/गा.वि.स. वडा नं. ४ क (हाल गोदावरी न.पा. वडा नं. ११) स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-७-०-० (रोपनी) को घरजग्गा ।
११०.	महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४/ख (हाल औरही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६८ र ५०९ को क्षेत्रफल क्रमशः ०-२-६-१० र ०-११-४-० (विगाह) को जग्गा ।
१११.	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ९ घ (हाल उर्लाबारी न.पा. वडा नं. ०४) स्थित कित्ता नं. १६६८ को क्षेत्रफल ०-०-१७-१ (विगाह) को घरजग्गा ।
११२.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/ज स्थित कित्ता नं. १२२५ को क्षेत्रफल १-०-२-० (रोपनी) को घरजग्गा ।
११३.	मकवानपुर जिल्ला, बासामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २७९४ को क्षेत्रफल १३५४.५२ (व.मि) को जग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

का.नि.द.नं.१२८/७६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ चार देशीय टी-२० आई कप

नेपाल दुई रनले पराजित

नयाँ पत्रिका



नेपाली राष्ट्रिय महिला क्रिकेट टोली युगान्डामा चलिरहेको चारदेशीय टी-२० आई कपमा सोमबार हडकङसँग दुई रनको भिनो अन्तरले पराजित भएको छ। पहिलो ब्याटिङ गरेको हडकङले २० ओभरमा सात विकेट गुमाएर सय रनको योगफल बनाएको थियो। नेपालले हडकङलाई हराउन प्रतिओभर पाँच रन पाएको थियो। तर, नेपालले २० ओभरमा सात विकेट गुमाएर ९८ रन मात्र बनायो। अन्तर्राष्ट्रिय टी-२० आईमा नेपालको यो १९औँ कम योगफल हो।

यसअघि आइतबार नेपालले लगातार नौ हारको खराब रेकर्ड तोडेको थियो। नेपालले आयोजक युगान्डामाथि एक विकेटको रोमाञ्चक जित निकालेको थियो। डबल राउन्ड रोबिन लिगको पहिलो चरण खेल समाप्त भएको छ। पहिलो चरणमा नेपालले तीन खेलमा दुई हार र एक जित निकालेको छ। शीर्ष स्थानमा रही फाइनल खेल्न नेपालले दोस्रो चरणमा उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ। अब बुधबारदेखि नेपाल, युगान्डा, हडकङ र नामिबियाबिच पुनः खेल हुनेछ।

नेपालले दोस्रो चरणको पहिलो खेलमा नामिबियाको सामना गर्नेछ। युगान्डाविरुद्ध बिहीबार र शुक्रबार हडकङसँग नेपालले प्रतिस्पर्धा गर्नेछ। सिरिजमा हडकङको वरीयता सहभागीमध्ये तल थियो। नेपालले आफूभन्दा आइसिसी वरीयतामा तल रहेको हडकङविरुद्ध उत्कृष्ट ब्याटिङ प्रदर्शन गर्न नसक्दा नै हारको सामना गर्नुपरेको हो।

अन्तिम ओभरमा १० रन आवश्यक

अन्तिम दुई ओभरमा नेपाललाई २० रनको आवश्यकता थियो। लगातार दोस्रो जित निकाल्न नेपाललाई प्रतिओभर १० रन चाहिएको थियो। १८औँ ओभरमा नेपालले रनरेट अनुसार १० रन जोडेको थियो। त्यसपछि अन्तिम ६ बलमा १० रन चाहिएको थियो। क्रिजमा रोमा थापा र ईश्वरी विष्ट थिए। हडकङबाट सिमर चाङले बलिङ गरेकी थिइन्। सुरुवाती चार बलमा नेपालले चार रन जोडेको थियो।

रोमाले इनिङ्सको १९.४ ओभरमा एक रन लिँदै ईश्वरीलाई स्ट्राइक दिइन्। ईश्वरीले इनिङ्सकै अन्तिम बलमा एक रन मात्र लिँदा नेपाल हडकङसँग भिनो दुई रनले पराजित भयो। इनिङ्सको एक समयमा नेपालले १५ ओभरमा ७३-४ को स्कोर गरेको थियो।

हडकङविरुद्ध नेपालको प्रदर्शन

टी-२० एसिया विश्वकप छनोट २०१९	
हडकङ	६२-८
नेपाल	६३-६
नेपाल चार विकेटले विजयी	

टी-२० एसिया विश्वकप छनोट २०२१	
नेपाल	१०४-३
हडकङ	१०५-४
हडकङ ६ विकेटले विजयी	

एसिसी टी-२० च्याम्पियनसिप २०२२	
नेपाल	१०९-६
हडकङ	११२-३
हडकङ सात विकेटले विजयी	

टी-२० सिरिज २०२३	
नेपाल	५६-१०
हडकङ	५७-१
हडकङ नौ विकेटले विजयी	

टी-२० सिरिज २०२४ (फाइनल)	
हडकङ	१०१-६
नेपाल	३७-१
नेपाल डिएलएसअनुसार १३ रनले विजयी	

एसिसी प्रिमियर कप २०२४	
हडकङ	९३-८
नेपाल	९५-२
नेपाल आठ विकेटले विजयी	

तीन खेलाडी रन आउट

नेपालले हडकङविरुद्ध खराब रनिङ विट विन दी विकेटको प्रदर्शन गऱ्यो। १६ देखि १७ ओभरभित्र नेपालले तीन मुख्य खेलाडीलाई रन आउटका रूपमा गुमाएको थियो। विन्दु रावल, कविता जोशी तथा पूर्वकप्तान रुबिना क्षेत्री रनआउटको सिकार भए। यी तीनजना खेलाडी रन आउट हुँदा अर्कोतर्फ क्रिजमा कप्तान इन्दु वर्मा थिइन्। नेपालले ७५ रनको योगफलमा यी तीन विकेट गुमाएको हो। कविता र रुबिनाले एक बल पनि सामना गर्न पाएनन्। रन आउट भएका तीनजना ब्याट्समान्यानले कप्तान बर्मासँग क्रिजमा राम्रो तालमेल मिलाउन नसक्दा पेभेलियन फर्केएका थिए।

नेपालको कमजोर ब्याटिङ

नेपालको ब्याटिङमा कप्तान वर्माले सर्वाधिक ३२ रनको योगदान दिइन्। उनले ३३ बलमा दुई चौका प्रहार गरेकी थिइन्। यसैगरी, यू-१९ टोलीकी कप्तान पूजा महतोले २८ बल सामना गरी १९ रन बनाउन दुई चौका हिर्काइन्। विन्दु रावलले १७ बलमा १४ रन जोडिन्। नटआउट रहेकी रोमाले १२ बलमा १३ रनको योगदान दिइन्। युगान्डाविरुद्ध डेब्यु गरेकी सना प्रवीनले आफ्नो दोस्रो टी-२० आईमा २६ बलमा १० रन बनाइन्। ओपनर सम्झना कुमारी एक रनमा आउट भइन्।

नेपालले लक्ष्य पछ्याएको इनिङ्समा ४.९० रनरेटमा ब्याटिङ गरेको थियो। यसअघि हडकङकी ओपनर नताशा माइल्सले सर्वाधिक ३५ रन बनाएकी थिइन्। मारिको हिलले २१ रन र चाङ यिङले १२ रन बटुलेका थिए। नेपालको बलिङमा ईश्वरी र वर्माले समान दुई विकेट लिएका थिए। हडकङकी मारिको हिलले दुई विकेट लिइन्। सी मे वाई र चाङले समान एक विकेट हात पारे।

■ विराट गोल्डकप

चर्च ब्वाइजले श्री स्टारको सामना गर्ने



विराटनगरमा गणेश लम्साल

नेपाल पुलिस क्बललाई १-० ले हराउँदै उपाधिका लागि श्री स्टारविरुद्धको समीकरण पक्का गरेको हो।

चर्च ब्वाइजलाई फाइनलमा पुऱ्याउन लाक्पा पाख्रिनले एक मात्र गोल गरेका थिए। खेलको ७०औँ मिनेटमा लाक्पाले एबायोमीले दिएको सटिक पासमा चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। खेलमा थप गोल नहुँदा उनकै गोल निर्णायक बन्यो। लाक्पाले ७०औँ मिनेटमा गोल गरेका थिए। श्री स्टारले आइतबार पहिलो सेमिफाइनलमा त्रिभुवन आर्मीलाई ३-२ ले हराएको थियो। चर्च ब्वाइजले क्वार्टरफाइलनमा एनआरटीलाई २-० ले हराएको थियो।

चौथो संस्करणको विजेता पुलिसले चर्च ब्वाइजविरुद्ध दुवै हाफमा गोल अवसर पाएको थियो। तर, उत्कृष्ट फिनिसिङ नहुँदा पुलिस अन्तिम चारबाटै बाहिरिएको छ। चर्च ब्वाइजले यो सिजनमा २४औँ आहारारा पोखरा गोल्डकपको सेमिफाइनलमा पुलिससँग व्यहोरेको हार बदला लिएको छ। खेलमा चर्च ब्वाइजका गौरव श्रेष्ठले उत्कृष्ट खेलाडी हुँदै ११ हजार रुपैयाँ पाए। विराट गोल्डकपको बिजेताले ११ लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्।

नवौँ विराट गोल्डकप फुटबल प्रतियोगिताको उपाधि भिडन्तमा चर्च ब्वाइजले बुधबार श्री स्टारको सामना गर्ने भएको छ। सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले सोमबार भएको सेमिफाइनलमा

पिएम कपमा किरणको पहिलो शतक

नयाँ पत्रिका



प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिमका किरण ठगुन्नाले शतकीय इनिङ्स खेलेका छन्। किरणको प्रतियोगिताकै पहिलो शतकको सहयोगमा सुदूरपश्चिमले गण्डकीलाई ६ विकेटले हराउन सफल भयो। लुम्बिनीमा चलिरहेको प्रतियोगितामा गण्डकीले ५० ओभरमा आठ विकेट गुमाएर २२० रन बनाएको थियो। प्रत्युत्तरमा सुदूरपश्चिमले ४३.५ ओभरमा चार विकेटको क्षतिमा २२२ रन जोडेको थियो।

खेलकै म्यान अफ दी म्याच किरणले १०१ बलमा १२१ रनको नटआउट इनिङ्स खेलेका थिए। उनले नौ चौका र ६ छक्का प्रहार गरेका थिए। उनले ४८ बलमा ५० रन बनाएका थिए। पिएम कपकै पहिलो शतक बनाउने क्रममा उनले ९१ बलमा पूरा गरेका थिए। सुदूरपश्चिमको जितमा कप्तान नारायण जोशीले ४७ बलमा चार चौका र एक छक्का प्रहार गरी ३८ रन बनाए।

यसअघि ब्याटिङ गरेको गण्डकीका दीपकले ७४ बलमा तीन चौका र एक छक्का प्रहार गरी ६० रनको योगदान दिए। ओपनर अर्जुन कुमालले ९५ बलमा ५७ रन बटुले। उनले चार चौका र एक छक्का प्रहार गरे। पुछारका सुदीप अर्यालले १६ बलमा २३ रन तथा कप्तान विपिन खत्रीले १० रन बनाए।

'बी' डिभिजनमा झापाको कमजोर सुरुवात

नयाँ पत्रिका



मोसफलको झापा ११ फुटबल क्लबले सहिद स्मारक 'बी' डिभिजन लिगअगाडि उत्कृष्ट तयारी गरेको थियो। पछिल्लो एक महिनायता झापाले मोसफलमा आयोजना भएका विभिन्न गोल्डकपमा सहभागी जनाएको थियो। भद्रपुर झापा गोल्डकपमा उपविजेतासमेत बन्यो। 'बी' डिभिजनमा राम्रो नतिजा निकाल्ने उद्देश्यका साथ झापाले मोसफलमा आफूलाई व्यस्त बनाएको थियो। 'ए' डिभिजनका केही क्लबलाई समेत झापाले हराएको थियो।

तर, सोमबार आफ्नो पहिलो खेलमा झापाले गतिलो सुरुवात गर्न सकेन। हारका साथ झापाले लिगको सुरु गऱ्यो। सातदोबाटोको एन्फा कम्प्लेक्समा प्लानिङ ब्वाइजसँग झापा २-१ ले पराजित भयो। प्लानिङ ब्वाइजले महत्त्वपूर्ण तीन अंक जोड्यो। खेलको १६औँ मिनेटमा प्लानिङ ब्वाइजले १-० को अग्रता लियो। फागुराम थारूले तीन वर्षपछि भएको 'बी' डिभिजन लिगकै पहिलो गोल आफ्नो नाममा लेखाए।

यद्यपि, फर्ममा रहेको झापाले ३९औँ मिनेटमै १-१ को बराबरी गोल फर्काएको थियो। पुजन राईले डिबक्सभित्र सहजै अवसरमा गोल गरी टोलीलाई बराबरीमा पुऱ्याए। प्लानिङ ब्वाइज र झापाले पहिलो हाफमा १-१ को बराबरी खेले। दोस्रो हाफमा झापाले केही गल्ती गर्दा प्लानिङ ब्वाइजले त्यसको फाइदा लिँदै तीन अंक जोड्यो। खेलको ६३औँ मिनेटमा सुजन डंगोलले प्लानिङ ब्वाइजलाई २-१ को जित दिलाए।

■ ब्रिगेडको कठिन जित

लिगअन्तर्गत दोस्रो खेलमा ब्रिगेड ब्वाइज क्लबले श्री कुमारीमाथि २-१ को कठिन जित निकालेको छ। एन्फा कम्प्लेक्समा आशिष गुरुङले ब्रिगेड ब्वाइजलाई खेलको १५औँ मिनेटमा १-० को अग्रता दिलाएका थिए। दोस्रो हाफमा श्री कुमारीका खेलाडी सम्हालिन नपाउँदै ब्रिगेड ब्वाइजले खेलमा २-० को अग्रता लियो। खेलको ४९औँ मिनेटमा आशिषले २-० का लागि गोल गरे। खेलको ६१औँ मिनेटमा श्री कुमारीले २-१ का लागि गोल फर्काएको थियो।

■ मेचीनगर गोल्डकप

ब्ल्याक बुल्सलाई हराउँदै धरान सेमिफाइनलमा

रमेश सुवेदी/नयाँ पत्रिका



पेनाल्टी सुट आउटमा उज्वेकिस्तानका असिवेक अरिफजोनोभको प्रहारलाई गोलरक्षक विपुल मगरले विफल पारेपछि धरान अन्तिम चारमा

उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसीलाई पेनाल्टी सुटआउटमा ५-३ ले हराउँदै धरान एफसी मेचीनगर गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। सोमबार काँकडभिट्टा खेल मैदानमा निर्धारित समयको खेल १-१ को बराबरी भएको थियो। त्यसपछि विजेताको छिनोफानो पेनाल्टी सुटआउटबाट भयो।

लगातार दोस्रो दिन मेचीनगर गोल्डकपको नतिजा पेनाल्टी सुटआउटमा निस्केको हो। आइतबार चर्च ब्वाइज युनाइटेडले झापा एफसीलाई सडन डेथमा हराउँदै अन्तिम चारको स्थान पक्का गरेको थियो। पेनाल्टी सुटआउटमा धरानका वैकल्पिक गोलरक्षक विपुल मगर नायक बने। उज्वेकिस्तानका पहिलो प्रहार गर्न आएका असिबेक अरिफजोनोभको प्रहार विपुलले रोकेका थिए। प्रशिक्षक हेमकुमार गुरुङले प्रवीन लिम्बूको स्थानमा विपुललाई मैदान पठाएका थिए। धरानका मिलन राई, सुरज रसाइली, प्रज्वल थापा, अजय विष्ट र सुगम जिमीसहित पाँचै खेलाडीले गोल गर्न सफल भए। ब्ल्याक बुल्सका खुसान गानिजानोभ, अजिजबेक खुर्सिनबोभ र कुभेनच्बेक ओलिमोभले गोल गरेका थिए। धरानले फाइनलमा प्रवेशका लागि आयोजक काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरसँग प्रतिस्पर्धा गर्नेछ। आयोजक काँकडभिट्टाले भारतीय टोली जर्जियन एफसीलाई ४-२ ले हराउँदै अन्तिम चार स्थान पक्का गरेको थियो।

ब्ल्याक बुल्सको सुरुवाती अग्रता

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। ब्ल्याक बुल्सले ५९औँ मिनेटमा धरानविरुद्ध १-० को अग्रता लियो। असिबेक अरिफजोनोभले ब्ल्याक बुल्सलाई अग्रता दिलाएका हुन्। १८ यार्ड बक्सभित्रबाट इस्लोम्जोन अब्दुकोडिरोभको पासमा अनमार्क रहेका असिबेकले हेडिङ गोल गरेका थिए। खेलमा ८३औँ मिनेटमा धरानले १-१ बराबरी गोल गऱ्यो। सुगम जिमीले धरानलाई खेलमा फर्काएका हुन्। सुरज रसाइलीले मैदानको बायाँ भागबाट मिलाएको पासमा वैकल्पिक खेलाडी सुगमले सदुपयोग गर्दै टोलीको हार टारेका हुन्।

मिलन राईको कप्तानीमा रहेको धरानले केही अवसर बनाए पनि सदुपयोग गर्न सकेन। टोलीमा मिलानसहित विक्रम धिमाल, तपन कार्की, रोमन लिम्बू, मौसम सुब्बाजस्ता खेलाडी समावेश थिए।

आहारारा गोल्डकप विजेता ब्ल्याक बुल्सले नेपालका सान्जियो लिम्बू, सुजात डंगोल र सामीप्य सुवेदीलाई टिममा समावेश गरेको थियो। केपी ओली कपको पहिलो खेलमै पराजित भएपछि टोलीले मेचीनगर गोल्डकप खेलेको हो।

UMH UNITED MODI HYDROPOWER

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.- २८, काठमाडौं
फोन: ०१-४१६५११४, प्याक्स: ०१-४१६५११३
इमेल: unitedmodi@ntc.net.np वेबसाइट: www.umh.com.np

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/११/२७ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८१/११/२५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८०/८१ को वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको वार्षिक साधारणसभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै उल्लेखित सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोधसहित यो सूचना प्रकाशित गरिएको छ।

१. **सभा हुने मिति, समय र स्थान :**
   मिति : २०८१ चैत्र २७ गते बुधबार (तद्अनुसार ९ अप्रिल, २०२५)
   समय : विहान ११:०० बजे।
   स्थान : कालिमाटी ब्यैड्मिन्टन, कालिमाटी काठमाडौं।

२. **छलफलका विषयहरू :**

क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ का वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. अन्य लगानीयोग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने।

ख) विशेष प्रस्ताव

१. मिति २०८१/०२/२७ गतेको दशौँ वार्षिक साधारण सभाबाट हाल कायम रहेको चुक्ता पूजी रु.१,२३,०५,००,००० बमोजीमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निश्काशन गर्ने निर्णय भएकोमा सो शेयर अनुपात संशोधन गरी १ शेयर दरले ०:६५ अनुपातमा जारी तथा निश्काशन गर्ने सम्बन्धमा।
२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा।
३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक अभिलेखन कार्य गर्नका लागी कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।

ग) विविध

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारण सभा प्रयोजनको लागि मिति २०८१/१२/०८ गते एक दिनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब बन्द हुनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/१२/०७ गतेसम्म कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल मार्केट्स लि., डिल्लिबजार, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन पाउन योग्य हुनुहुनेछन्।
२. आफ्नो मन्तब्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र unitedmodi@ntc.net.np मा इमेल गरी वा कम्पनी सचिवलाई advocatenp7@gmail.com मा इमेल गरी आफ्नो नाम र इमेल ठेगाना टिपाउन अनुरोध गर्दछौं।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रुपमा, साथमा लिई आउन हुन अनुरोध गर्दछौं। कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनी आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सकिनेछ। नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन तथा छलफल गर्न सक्नेछ। शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको आधिकारीक Email: unitedmodi@ntc.net.np मा प्रोक्सि फारम दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी समेत हुनुपर्नेछ। प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.umh.com.np बाट डाउनलोड गर्न सकिनेछ।
५. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्। संगठित संस्था वा कम्पनी शेयरधनी भएको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनु पर्नेछ।
६. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला लगायतका वस्तुहरू नलिई आउन अनुरोध छ।
७. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com